नेपालको पहिलो बौद्ध मासिक

आनन्द भूमि

२०७१ माघ पूर्णिमा/सि पुन्हि- वर्ष ४२ अंक १०
बु.सं. २५५८ ने.सं. ११३५

The Ananda Bhoomi (Year 42, Vol. 10)
A Buddhist Monthly : January/Feb. 2015

प्रमुख सल्लाहकारः
भिक्षु मैत्री महास्थविर (प्रमुख, आ. कु. वि.)

सल्लाहकार :
भिक्षु धर्ममूर्ति (कार्यवाहक प्रमुख, आ.कु.वि.)

व्यवस्थापन तथा वितरक :
भिक्षु पियदस्सी, आनन्द कुटी विहार, ४२७१४२०

व्यवस्थापन सहयोगी : **भिक्षु सरणंकर**

वितरण सहयोगी : **विवेक महर्जन**

लेखा व्यवस्थापन : **सुरेश महर्जन,** स्वयम्भू

आवरण डिजाइन/भित्री सेटिङ्ग : **विनोद महर्जन**

कम्प्यूटर सज्जा : **राजकुमार छुका, ख्वप**

सम्पादन सहयोगी : **भिक्षु अस्सजि**

सम्पादक/प्रकाशन संयोजकः
कोण्डन्य
बुद्धविहार भृकुटीमण्डप, ४२२६७०२

वितरणार्थ सहयोगीहरुः

बुद्धजयन्ती समारोह समिति (श्रीघः), शर्मिला श्रेष्ठ (बौद्ध वृद्धाश्रम-बनेपा), अ. इन्द्रावती, सरिता अवाले (ललितपुर), सुश्री वीणा कंसाकार (बौद्ध महिला संघ, नेपाल), सुश्री शकुन्तला प्रधान, श्रीमती केशरी वज्राचार्य, सुवर्णमुनि शाक्य (भैरहवा), विद्यादेवी शाक्य (बुटवल), याम शाक्य (वेनी), ज्ञानमाला संघ (तानसेन), बलबहादुर गाहा (पाल्पा), कृष्णप्रसाद शाक्य (बाग्लुङ्ग), विजय गुरूङ्ग (लमजुङ्ग), शैनी चौधरी (पूजारी लामा) सप्तरी ।

मुद्रणः
आईडियल प्रिन्टिङ्ग प्रेस, ग्वार्को, फोनः ५००७५६३
शाखा : पुल्चोक, फोन : २१२०२३५

प्रकाशकः
आनन्दकुटी विहार
आनन्द कुटी विहार, स्वयम्भू, फोनः ४२७१४२०
का.जि.द.नं. ३४/०३४/०३५/म.क्षे.हु.नि.द.नं. ७/०६१/६२

बुद्धवचनामृत



सुकरानी असाधुनी - अत्तनो अहितानि च ।
एवं हितञ्च साधुञ्च - तं वे परमदुक्करं ॥

अर्थात् : आफूलाई अहित हुने अकुशल-खराब काम गर्न निकै सजिलो हुन्छ भने आफूलाई हितसुख हुने काम गर्नुचाहिँ अति नै कठिन हुन्छ ।

थःत अहित जुइगु मभिंगु ज्या याये अपुसेच्वनी परन्तु थःत हित जुइगु बांलागु ज्या याये धाःसा धात्थें तःसकं थाकु ।

It is easy to do things that are bad and unbeneficial to oneself, but it is, most difficult to things that are beneficial and good.

- धम्मपद, १६३

सम्पर्क कार्यालय
आनन्द भूमि
आनन्दकुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं ।
फोनः ४२७१४२०
E-mail : anandakutivihar@gmail.com
gkondanya@gmail.com
Website: anandakutivihar.com.np
www.anandabhoomi.com

सम्पादकीय

बुद्ध-जन्मभूमिमा धार्मिक सहिष्णुता

देशमा दोश्रो संविधान सभाको निर्वाचनपछि संविधान निर्माण तथा वाचा गरिएभैं गत माघ ८ मै संविधान घोषणा हुने/गरिने जनआकांक्षामा फेरि पनि विगतमा जस्तै धोका भएको छ । तर पनि बेलैमा संविधान आउलान्/आउनुपर्छ भनी मान्यता राखिरहेको बेला विभिन्न अड्कलबाजी भइरहेको छ । धार्मिक रूपमै पनि वातावरण खलबलिने हो कि भन्ने अफवाह फैलिएको छ ।

नेपाल एक बहुजातीय, बुहभाषिय, बहुधार्मिक, बहुसाँस्कृतिक, बहुसामाजिक राष्ट्र हो । प्राचीनकाल, मध्यकाल तथा आधुनिक कालको इतिहासले विगतदेखि वर्तमानसम्म नेपालमा धार्मिक सहिष्णुता कायम हुँदै आएको हामीलाई थाहा भएकै कुरा हो । शासकीय प्रवृत्तिसँगै राज्यले धर्मप्रति अंगाल्दै आएको व्यवहारलाई यद्यपि रचनात्मक तथा सकारात्मक मान्न सकिन्न तरपनि विगतको इतिहासमा नेपाली नेपालीबीच धार्मिक कलह र द्वन्द्वका कारण धार्मिक सहिष्णुतामा आँच आउने हिंसात्मक विधिव्यवहारलाई प्रश्रय दिई धर्मधर्मबीच भड्काव एवं धार्मिक युद्धजन्य अमानवीयताको परम्परा स्थापित भएको थिएन भनी हामी नेपालीले गौरवगाथा गाउँदै आएका थियौं । तर, वर्तमान नेपालमा परिवर्तित राजनैतिक माहौलसँगै देखिएको संक्रमणकालीन तथा नितान्त तरल राजनीतिक ध्रुवीय वातावरणमा हरक्षेत्रमा अराजकता छाइरहेको, अराजकतालाई बलजफ्ती प्रवेश गराउने, हिंसा र आतंक मच्चाउने जस्तो निकृष्ट प्रयोजन तथा संलग्नता झ्याङ्गिने जुन संत्रस्त जारी हुने, गर्ने र गराउने संकेत देखिंदै छ, यो अत्यन्त निन्दनीय क्षोभको विषय भएको छ ।

धार्मिक आस्था र श्रद्धाभित्र विचलन पैदा गर्ने, डर, त्रास र भयले त्रसित पारी हिंसात्मक दबाब दिने जुन मानसिकता हावी हुँदैछ, त्यसलाई समयमै निस्तेज गर्ने मार्ग अवलम्बन गर्नु सम्बद्ध प्रशासनिक क्षेत्रको कर्तव्य हो । तथाकथित समूह र संगठन विशेषले राजनीतिक स्वार्थ परिपूर्ति गर्ने धृष्टतासँगै धार्मिक क्षेत्रलाई आतंकित पार्ने हिंसात्मक जघन्य-अपराधमूलक प्रकृयालाई सुनियोजित तवरले निशाना बनाउँदै जाने हो कि भन्ने हामीभित्र भयत्रास उब्जनु स्वाभाविक पक्ष हुन् । बेलैमा यस्ता जघन्य अपराध मनोवृत्तिलाई विवेकपूर्ण तवरबाट पाखा लगाउनु आजको तड्कारो आवश्यकता हो ।

त्यसो त नयाँ संविधानको लेखन-मार्गमा विघटिट संविधान-सभाको पहिलो बैठकले अन्तरिम संविधान-२०६३ को भावनाअनुरूप "धर्मनिरपेक्ष राष्ट्रसहित गणतन्त्र नेपाल" भनी घोषणा गरिसकेको ऐतिहासिक परिप्रेक्षमा राज्यले धर्मको आधारमा कसैलाई काखा र कसैलाई पाखा लगाउने होइन, एउटै धर्मलाई मात्र काखी च्याप्ने प्रवत्तिको अन्त्य गर्नै पर्छ । राष्ट्रलाई धर्मनिरपेक्ष गरिनुहुन्न, धर्मनिरपेक्षता र राजतन्त्रको विषयमा जनमत संग्रह गरीनुपर्छ आदि भनी यथास्थितिवादीहरु पुनः पछाडि धकेलिंदै जानुपर्ने जुन कुतर्क गर्नेहरू सलबलाउँदै छन् त्यसमा सम्पूर्ण धर्मनिरपेक्षतावादी शक्ति एकै ठाउँमा केन्द्रित हुनु अपरिहार्यता हो । धर्मनिरपेक्षता फाप्दैन, यस्ले राष्ट्रलाई हानी पुऱ्याउँछ भन्ने जस्ता कुतर्क व्याप्त गरी धार्मिक क्षेत्रभित्र अराजकता तथा हिंस्रक प्रवृत्ति घुसाउने भिजिलान्ते कृयाकलापलाई शान्तिगामी सबै तप्काबाट जमेर विरोध गर्नु मनासिब विषय हो । धार्मिक सहिष्णुतालाई खलल् पारी धार्मिक युद्ध छेड्ने अनि आ-आफ्नो राजनीतिक स्वार्थ सोझ्याउने तथाकथित संगठनदेखि हामी सम्पूर्ण धार्मिक समुदायले समयमै सजग र सतर्कतालाई उच्च-प्राथमिकताका साथ अघिबढ्ने जमर्को गर्नैपर्छ । अतः यो संक्रमणकालीन तरल, अस्तव्यस्त राजनीतिक माहौलमा धार्मिक क्षेत्रलाई समेत प्रयोग गर्ने मानसिकताबाट हामी सम्बद्ध धार्मिक समुदाय उच्च-सतर्कतासाथ सहिष्णुतापूर्वक अगाडि बढौं, परिणामतः राष्ट्रमा विगतदेखिको धार्मिक सहिष्णुता, समभाव एवं भातृत्वलाई निरन्तरता दिंदै जानसकिने हुन्छ, धार्मिक अधिकारलाई सुनिश्चित गराउन सकिने हुन्छ ।

अस्तु ॥

विषय–सूचि

क्र.सं.	विषय	लेखक	पृष्ठ
१.	संविधानसभाप्रतिको भरोसा	प्रदीप गिरी	४
२.	बुद्धज्योतिका केही रश्मि : प्रथम निबन्धात्मक कृति	प्रा. डा. कृष्णप्रसाद दाहाल	८
३.	बुद्धज्योतिका केही रश्मि	घनश्याम राजकर्णिकार	१२
४.	डा. सानुभाइ डंगोल : एक चिनारी	कृष्णकुमार प्रजापति	१४
५.	जापानको एकहजार एक बुद्धमूर्ति भएको राष्ट्रिय खजना....	मेघराज शर्मा	१७
६.	उनकै शब्दमा : बुद्ध को हुन् ?	कोण्डन्य	१९
७.	एक्युप्रेशरको उद्गमस्थल नेपाल	डा. भगवान दास मानन्धर	२१
८.	भिक्षु चुन्द शास्त्री महास्थविर	भिक्षु कविन्दो	२३
९.	आशक्ति निवारण गर्न शून्यता ज्ञान	लोकबहादुर शाक्य	२६
१०.	मातृभाषा र धर्म : नङ र मासु	लाभरत्न तुलाधर	२९
११.	तृष्णायात लगाम तयेनु	हेरारत्न शाक्य	३०
१२.	बौद्ध गतिविधि		३१
	कविता		
१३.	फूल हो जीवन	रमना श्रेष्ठ	२२
१४.	मन्	अनागारिका माधवी	२५
१५.	मेरो सोचमा	राज शाक्य	२८

भिक्षु महासंघको विशेष भेला हुने

१४ माघ, काठमाडौं । अखिल नेपाल भिक्षु महासंघका संघ सदस्यहरुलाई भेला गराई समसामयिक विषयमा छलफल एवं सदस्यहरूलाई मार्गनिर्देशन गर्न यही आउँदो चैत्र ३ र ४ गते दुई दिने संघसंस्था एवं साधारण सभाको आयोजना गर्ने भनी अखिल नेपाल भिक्षु महासंघको कार्यकारिणी समितिले निर्णय गरेको छ । संघ सदस्यहरुलाई सो सभामा अनिवार्य उपस्थितिका लागि अखिल नेपाल भिक्षु महासंघले आह्वान गरेको छ ।

सतिपट्ठान विपश्यना शिविर हुने



अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रका धर्मानुशासक, अग्र महापण्डित, संघउपनायक डा. श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरको निर्देशनमा यही आउँदो फागुन ६ देखि १७ गतेसम्म दशदिने ध्यान शिविर हुने भएको छ । बुद्धोपदेशित "सतिपट्ठान विपस्सना भावना शिविर" मा सहभागिताका लागि इच्छुक भिक्षु, श्रामणेर, अनागारिका, उपासक तथा उपासिकाहरूका लागि फागुन २ गतेसम्म नाम दर्ता गर्न शंखमूलस्थित अन्तर्राष्ट्रिय बौद्ध भावना केन्द्रले हार्दिक अनुरोध गरेको समाचार प्राप्त भएको छ ।



संविधानसभाप्रतिको भरोसा

✍ प्रदीप गिरी

२०४६/४७ सालको प्रथम जनआन्दोलनपछि डा. बाबुराम भट्टराईले संविधानसभाको औचित्यबारे तिनताका खिचापोखरी नजिकै रहेको गेटे इन्स्टिच्यूटमा गोष्ठी गराउनुभएको थियो । गोष्ठीमा हामी पनि सहभागी थियौं । गोष्ठीका सन्दर्भमा गणेशमान सिंहले संविधानसभाको निर्वाचन गर्ने भनेको '**पेन्डोराज बक्स**' खोल्नेजस्तै हो भन्नुभएको थियो । साँच्चै सविधानसभा र संविधान लेखन प्रक्रियाले नेपालमा पेन्डोराज बक्स खोले जस्तो भएको छ । पेन्डोराज बक्स खुलेपछि त्यहाँबाट अनेकौं रोग, भोक, व्याधि, भेदविभेद, हिंसा घृणा आदि निस्किए रे । सबैले आ-आफ्ना दावा पेश गर्न थाले । अहिले नेपालमा पेन्डोराज बक्स खुलेजस्तै भएको छ । हरेकले अर्थात् जाति, जनजाति, सम्प्रदाय, क्षेत्र र वर्गले आ-आफ्ना अधिकार दावा गर्दैछन् । उनीहरूका दावाअनुसारकै संधिवान लेखियोस् भन्दै छन् । सबैले बिर्सिएका छन् "यसरी संविधान लेखिँदैन ।" संविधान सहमतिमूलक भएमा मात्र सार्थक र चिरञ्जीवी हुन्छ ।

बेलायतका राजदूतले धर्मान्तरण विषयमा सभासद्लाई पत्र लेखेको समाचार आएपछि हिन्दू आन्दोलन झन् चर्केको हो । यो विषय यसैबखत उठ्नुपर्ने थिएन । उता अहिले नेपाल हिन्दू राष्ट्र नै हुनुपर्छ, '**धर्मनिरपेक्ष**' राज्य हुन सक्दैन भनी अनेकौं राजनीतिक व्यक्ति र शक्तिले पनि भनेका छन् । कमल थापाले नेतृत्व गर्नुभएको राष्ट्रिय प्रजातन्त्र पार्टी नेपाल त गाईकै चिन्ह पाएकाले बलियो भएको हो । यस परिस्थितिमा कमल थापाले 'गो ब्राह्मण हितायच' को माग छोड्ने कुरा यसै उठेन । तर त्यति नपुगेर अनेकन कांग्रेस र गैरकांग्रेसका नेताहरू हिन्दूधर्मका पक्षमा आन्दोलन गर्न अगाडि आइरहेका छन् । यसैले यो प्रश्न विचारणीय भएको छ ।

- नेपालमा ०१९ सालमा राजा महेन्द्रको प्रत्यक्ष शासनमा मात्रै संघियतातः नेपाल हिन्दू राज्य घोषित भएको हो । यस्तो पहिले थिएन । त्यस्तै परिस्थिति थियो । राजाले बोलेपछि मुखै कानुन भन्ने अवस्था थियो । हुकुमको जवाफ थिएन । यसरी नेपाल हिन्दू राज्य भयो । बीपी कोइरालाले पछिसम्म एक होइन, अनेक पटक नेपाललाई हिन्दू राज्य भन्नु एउटा झेली कुरा हो भन्नुभएको छ ।

- गान्धी आफूलाई हिन्दू भन्थे । तर उनले हिन्दूधर्मलाई विश्वासघात गरे भन्ने आक्रोशमा एउटा हिन्दूले नै उनको हत्या गरे । गान्धीले मर्दामर्दै पनि रामको नाम लिएका थिए । त्यति मात्र होइन, आफ्ना हत्याराका लागि क्षमाको माग गरे । गान्धीले नास्तिकलाई पनि तपाईलाई हिन्दूधर्मले नास्तिक हुँ भन्ने अधिकार दिन्छ' भन्थे । गोरा नाम भएका एक परम नास्तिक तर परोपकारी व्यक्ति गान्धीका आदरणीय मित्र थिए । उनलाई आश्रममा बस्न, छलफल गर्न एवम् बहस गर्न गान्धी आमन्त्रित गरिरहन्थे ।

नेपालमा ०१९ सालमा राजा महेन्द्रको प्रत्यक्ष शासनमा मात्रै संघियतातः नेपाल हिन्दू राज्य घोषित

यस अङ्क



आनन्द भूमि

पढौं पढाऔं, समयमैं वार्षिक ग्राहक बनौं

आनन्द कुटी विहार संस्था, पो.ब.नं. ३००७, काठमाडौं, फोनः ४२७१४२०
E-mail : anandakutivihar@gmail.com, anandakutivihar@ntc.net.np
gkondanya@gmail.com, kondanya@soon.com

गताङ्कमा



भएको हो । यस्तो पहिले थिएन । त्यस्तै परिस्थिति थियो । राजाले बोलेपछि मुखै कानुन भन्ने अवस्था थियो । हुकुमको जवाफ थिएन । यसरी नेपाल हिन्दू राज्य भयो । बीपी कोइरालाले पछिसम्म एक होइन, अनेक पटक नेपाललाई हिन्दू राज्य भन्नु एउटा झेली कुरा हो भन्नुभएको छ । हिन्दू समाजले जन्मदेखि मृत्युसम्म अनेकन सरकारलाई आफ्नो आधार बनाएको छ । बीपी कोइराला विचार आचार दुबै दृष्टिले कस्तो हुनुहुन्थ्यो सबैलाई थाहा छ । तर उहाँले सन्तानलाई आफ्ना अन्तिम संस्कारका हकमा हिन्दू संस्कारको निषेध गर्नुभएको थियो, निरूत्साहित गर्नुभएको थियो । भारतमा नेहरूले पनि यसै गरेका थिए । तर यो महत्त्वपूर्ण होइन । महत्त्वपूर्ण कुरा के हो भने, हिन्दूधर्म के हो ? हिन्दूधर्मका बारेमा यही नै हो भनेर कसैले पनि भन्न सक्तैन । यो यही नै हो भनेर ठोकेर आधिकारिक रूपबाट कसैले अर्थात् शंकराचार्य समेतले भन्नसक्ने ठाउँ छ नै । यो नै हिन्दूधर्मको विशेषता हो ।

हिन्दू शब्द भने एक अर्वाचीन प्रयोग हो । हिन्दू शब्दको प्रयोग पहिले थिएन । वेद, वेदान्त र गीतामा हिन्दू शब्दको उल्लेख छैन । वेदवेदान्त र गीताले आफूलाई सनातन धर्मका प्रवक्ता भन्थे । विदेशीहरू सिन्धु नदी पार गरेर आउँदा उनीहरूले यताका वासिन्दालाई सिन्धुको अपभ्रंश बनाएर हिन्दू भनेर सम्बोध नगरे । त्यसपछि यो शब्द चल्यो । अब हिन्दू शब्द रूढ भइसकेको छ । आज हिन्दू शब्द भन्नाले उपनिषद, रामायण, महाभारत, गीता र पुराणका शिक्षालाई बुझिन्छ । तर यी पुस्तक नपढ्दा-नमान्दा पनि हिन्दू हिन्दू नै रहन्छ । इस्लाम, इसाई र यहुदी धर्मका निश्चित मान्य पुस्तक छन् । बाइबलको वर्ल्ड टेस्टामेन्ट नमान्ने व्यक्तिलाई यहुदी धर्मले सम्मान गर्न सक्दैन । त्यस्ता व्यक्तिलाई इसाइले सम्मान गर्न सक्दैन । कुरान नमान्ने व्यक्तिलाई मुसलमानले सम्मान गर्न सक्दैन । तर माथिका आफ्ना पवित्र पुस्तकलाई सम्मान नगर्ने व्यक्ति पनि जन्मँदा हिन्दू भएको मानिस धर्मान्तरण नगर्दासम्म हिन्दू नै भइरहन्छ । संसारमा दुई किसिमका धर्म छन्- **ग्रन्थपरक धर्म** र **ग्रन्थनिरपेक्ष धर्म** । हिन्दू, बौद्ध, जैन ग्रन्थनिरपेक्ष धर्म हुन् । ग्रन्थनिरपेक्ष धर्म भएको हुँदा उनीहरू पन्थनिरपेक्ष छन् ।

अंग्रेजीको रिलिजन शब्दको नजिकको अनुवाद भनेको पन्थ वा सम्प्रदायहो । हिन्दूधर्म अरू जे भए पनि पन्थ वा सम्प्रदाय होइन । त्यसै हुँदा मूर्ति पूजालाई पटक्कै स्वीकार नगर्ने कवीर र नानक, वेदबाहेक अरू केही पनि नमान्ने दयानन्द सरस्वती, मूर्ति पूजालाई समेत अंङ्गीकार गर्ने रामकृष्ण परमहंस र विवेकानन्द एकसाथ आदरणीय भएका छन् । गान्धी आफूलाई हिन्दू भन्थे । तर उनले हिन्दूधर्मलाई विश्वासघात गरे भन्ने आक्रोशमा एउटा हिन्दूले नै उनको हत्या गरे । गान्धीले मर्दामर्दै पनि रामको नाम लिएका थिए । त्यति मात्र होइन, आफ्ना हत्याराका लागि क्षमाको माग गरे । गान्धीले नास्तिकलाई पनि तपाईलाई हिन्दूधर्मले नास्तिक हुँ भन्ने अधिकार दिन्छ' भन्थे । गोरा नाम भएका एक परम नास्तिक तर परोपकारी व्यक्ति गान्धीका आदरणीय मित्र थिए । उनलाई आश्रममा बस्न, छलफल गर्न एवम् बहस गर्न गान्धी आमन्त्रित गरिरहन्थे ।

- डा. अम्बेडकर र गान्धीको कुनै कुरा मिल्दैनथ्यो । यहाँ पनि मिलेको छैन । अम्बेडकर एक दलित परिवारमा जन्मेका थिए । उनले आफू र आफ्ना साथका लाखौं अनुयायीलाई धर्मान्तरण गराए । हिन्दू समाजमा दलित भएर जन्मिएका डा. अम्बेडकर आफ्ना अनुयायीका साथ सामूहिक रूपमा बौद्ध भए । तर धर्मान्तरणमा जानुअघि डा. अम्बेडकरले सबै धर्मको खास गरेर इसाई र इस्लाम धर्मको गहन अध्ययन गरेका थिए । उनले देखे- सबै धर्मले सृष्टिकर्ता ईश्वरका नाउँमा मानिसका माझमा भ्रमको खेती गर्छ । आधुनिक विज्ञानले बाइबल, कुरान, पुराणका जीवन, जगत् र ब्रह्माण्ड विषयक सबै मान्यताको खण्डन गरेको छ । त्यति हुँदा पनि धर्मको व्यवसाय भने जारी छ । तुलनात्मक रूपले अम्बेडकरले बौद्ध धर्म र दर्शनलाई वैज्ञानिक एवम् युगसम्मत देखेका थिए । तदनुरूप उनले बुद्धधर्म अंगीकार गरे ।

धर्म के हो ? आगोले डढाउँछ, आगोको धर्म त्यही हो । पानीले भिजाउँछ, पानीको धर्म त्यही हो । आगोलाई जहाँ जसरी राख्नुस् आगो माथि लप्कन्छ । पानीलाई जहाँसुकै राखे पनि तल जान्छ । यो पनि आगो र पानीको धर्म हो । हिन्दूधर्ममा बडो स्पष्ट छ, मानिसको धर्म भनेको मुख्यतः पर दुःख कारकता हो, परोपकार पुण्याय हो, करूणा हो, जीवन दिएर पनि 'आफ्नो सत्यको रक्षा गर्ने हो ।' गीता र उपनिषद्को श्लोक मान्ने हो भने त्यसमा स्पष्ट लेखिएको छ सबै संसारलाई आफू सम्झ । आफूलाई दुःख दिने कुराले अरूलाई पनि दुःख दिन्छ भन्ने

कुरा मनमा राख, बस यही हो धर्म । जीवनको रक्षा र निरन्तरताका निम्ति यस्ता गुणहरूले पृष्ठपोषण गरेको हो भनी बुझ्न विशेष गाह्रो छैन ।

अब रह्यो धर्मान्तरणको कुरा । राजदूत महोदयले लेख्नुभएको धर्मान्तरणलाई कसरी हेर्ने ? गीतामा प्रष्ट लेखिएको छ, जसरी यावत् नदीहरू अन्ततः समुद्रमा मिल्छन, त्यस्तै उपासनाका सारा पद्धतिहरू ममा आएर गाभिन्छन् । यसै श्लोकलाई रामकृष्ण परमहंसले अत्यन्त सुन्दर शब्दमा भन्थे, '**यतो मतो ततो पथो**' जति वटा मत छन् त्यति वटा बाटा छन् । रामकृष्ण परमहंसले हरेक धर्मको उपासना र अनुभव गरेका थिए । ठीक त्यस्तै गान्धीको दिनचर्या उनको प्रसिद्ध प्रार्थनाबाट '**ईश्वर अल्लाह तेरा नाम, सबको सन्मति दे भगवान**' थालिन्थ्यो । त्यति हुँदा पनि गान्धीको हत्या भयो । त्यो पनि आफूलाई कट्टर हिन्दू भन्ने व्यक्तिबाट भयो ।

एउटा हुन्छ धर्म । अर्को हुन्छ सबै धर्मभित्रको धर्म । गान्धीका अनुसार त्यस तहमा इसाई, इस्लाम, हिन्दू, सिखले एउटै कुरो भन्छन् । मानिस शान्त, सुखी र सर्वोपरि स्वतन्त्र हुनुपर्छ । शान्त र सुखी बुझ्न कदाचित कुनै गाह्रो छैन । स्वतन्त्र भन्ने शब्द ज्याठा अप्ठेरो छ । स्वको शासन भन्नाले कहाँसम्म पुग्छ भने मानिस सन्यासी पनि हुन चाहन्छ । घरद्वार पनि छोड्न चाहन्छ । त्यस क्रममा सनातन परम्परामा भनिएको छ, मानिसको सत्त्व आत्मा हो भन्ने बुझ्नुपर्छ । आत्मा घरद्वार, रूपियाँ-पैसा, जग्गा-नाम उपाधि सबै कुराभन्दा ठूलो कुरा हो । सनातन परम्परामा भर्तृहरि भन्छन् 'संसारको सारा राज्य प्राप्त गरेर पनि के हुन्छ? ततः किम? संसारको सारा वैभव प्राप्त गरेर पनि के हुन्छ? ततः किम? जतिसुकै यौन-सुख, भोगले पनि कहाँ पुगिन्छ? ततः किम भन्नुको अर्थ यी कुराको अवमूल्यन गरिएको होइन । यी सारा कुरा गर । तर मानिस त्योभन्दा पनि बढ्ता हो । मानिस आफूमा अटाउँदैन । मानिस आफूभन्दा बाहिर उड्न चाहन्छ । जन्म र मृत्युको कालावधिको अतिक्रमण गर्न चाहन्छ । यसैले सनातन परम्पराले आत्मज्ञानलाई सर्वश्रेष्ठ विद्या मानेको छ । पश्चिममा फ्रेडरिक नित्सेले मनुष्यको यस्तो अतिक्रमणको अभीप्सालाई रेखाङ्कन गरेका छन् । आधुनिक मनोवेत्ता अब्राहम मास्लोले आत्मोपलब्धिको केन्द्रीयताको चर्चा गरेका छन् । पश्चिमले आत्मज्ञानका विषयमा गरेको सर्वाधिक नजिकको कुरा यही होला ।

गान्धी बारम्बार भन्थे, 'म राजनीतिक मान्छे होइन । मलाई सत्तामोह छँदै छैन ।' उनी भन्थे, 'राजनीति त मेरा लागि लङ्ग हो, हिमालय पहाड हो ।' अरू उपासकहरू आत्मसत्यको खोज गर्न जङ्गल र हिमालय पहाड जान्छन् । जङ्गल गएर जसलाई पनि शान्ति हुन्छ । एक्लै बस्दा कसलाई शान्ति हुँदैन? मैले आफ्नो अगाडि एउटा चुनौती राखेको छु । म यिनै जनताका बीचमा, यिनैको गुनासोको बीचमा आत्म साक्षात्कार गर्छु ।' गान्धीजी बारम्बार भन्थे, 'मेरो लक्ष्य ईश्वरको धर्मान्तरणलाई निन्दनीय सम्झन्थे ।

डा. अम्बेडकर र गान्धीको कुनै कुरा मिल्दैनथ्यो । यहाँ पनि मिलेको छैन । अम्बेडकर एक दलित परिवारमा

पापको फल भोग्नु नपरेसम्म मूर्खले आफूले गरेको खराब कामलाई महजस्तो ठान्दछ । तर पापको फल भोग्नुपर्दा दुःखित हुन्छ ।

– धम्मपद

मिलन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड

ह्वनाछँ, पाको, न्यूरोड, काठमाडौं ।

फोनः ४२३१०३६, ४२२२०६५, फ्याक्स : ४२१६१६७

जन्मेका थिए । उनले आफू र आफ्ना साथका लाखौं अनुयायीलाई धर्मान्तरण गराए । हिन्दू समाजमा दलित भएर जन्मिएका डा. अम्बेडकर आफ्ना अनुयायीका साथ सामूहिक रूपमा बौद्ध भए । तर धर्मान्तरणमा जानुअघि डा. अम्बेडकरले सबै धर्मको खास गरेर इसाई र इस्लाम धर्मको गहन अध्ययन गरेका थिए । उनले देखे- सबै धर्मले सृष्टिकर्ता ईश्वरका नाउँमा मानिसका माझमा भ्रमको खेती गर्छ । आधुनिक विज्ञानले बाइबल, कुरान, पुराणका जीवन, जगत् र ब्रह्माण्ड विषयक सबै मान्यताको खण्डन गरेको छ । त्यति हुँदा पनि धर्मको व्यवसाय भने जारी छ । तुलनात्मक रूपले अम्बेडकरले बौद्ध धर्म र दर्शनलाई वैज्ञानिक एवम् युगसम्मत देखेका थिए । तदनुरूप उनले बुद्धधर्म अंगीकार गरे ।

गान्धी र अम्बेडकरले जे भने गरे पनि एउटा कुरो विचारणीय छ । यताका शताब्दीहरूमा विज्ञानमा भएको आविष्कारले धर्मका कतिपय मान्यता निराधार सिद्ध गरेको छ । विज्ञानले पृथ्वी, सूर्य, ग्रह, नक्षत्र र अन्तरीक्षलगायत शरीर, मन र राजनीति समेतका बारेमा बाइबल, कुरान र पुराणभन्दा पृथक, तथ्यको उद्घाटन गरेको छ । यस्ता तथ्यले धर्म विषयक हाम्रा मान्यतालाई प्रभावित गर्छन् नै । धर्मको मूलमा मौतिक तथ्य र विचार केन्द्रीय तत्त्व होइन । तर विज्ञानले गरेका खोजीजन्य स्थापनाबाट धर्म विमुख पनि रहन सक्तैन । यस दृष्टिले भन्दा धर्मान्तरणको प्रत्येक आन्दोलनले आज भ्रमको ठूलो खेती गरिरहेको छ । सबै धर्ममा रहेका सकारात्मक पक्षलाई आत्मसात् गर्नु आजको युग धर्म हो भनेर सहज र संयत रूपमा भन्न सकिन्छ ।

धर्मान्तरणको पक्ष वा विपक्षको राजनीति गर्दा हामी एउटा खतरनाक क्षेत्रमा प्रवेश गर्छौं । हिजो राजा महेन्द्रले राजनीतिक स्वार्थका कारण नेपाललाई हिन्दू बनाए । गणतान्त्रिक नेपालमा त्यसको प्रतिक्रिया भयो । तरल अवस्थामा रहेको नेपालको राजनीतिले यस्ता क्रिया प्रतिक्रियाको भुंग्रोको स्वागत गर्न सक्तैन । तदनुरूप बेलायतका राजदूतको धर्मान्तरण विषयक वक्तव्य पनि अनधिकृत एवम् दुराशयपूर्ण हो । तर राजनीति यस्तै हुन्छ कि? राजनीतिले धर्मलाई जहिले पनि दुरूपयोग गर्छ । नेपालमा अहिले यस्तै प्रयत्न भइरहेको छ ।

धर्ममा मनग्गे सकारात्मक पक्ष छन् । तर राजनीतिले त्यसको कहिल्यै वास्ता गरेको छैन । धर्मान्तरणको पक्ष र विपक्षमा राजनीति गर्न चाहने मानिसका आफ्ना संकीर्ण स्वार्थ छन् । तर त्यस्ता स्वार्थ सफल हुनुमा समाजको पनि दोष रहन्छ । हिन्दू समाजमा जाति प्रथाका नाममा भएको उत्पीडनले गर्दा दलित समुदायमा धर्मान्तरणप्रति आकर्षण छ । यस्तो हुनु स्वाभाविक हो । डा. अम्बेडकर जस्ता महापुरूष पनि धर्म परिवर्तन गर्न तत्पर भए । हिन्दू समाजको उत्पीडनले उनलाई त्यहाँ पुऱ्याएको थियो । यो हिन्दूहरूले बुझ्ने, सोच्ने र गम्ने कुरा हो । फेरि यस्ता कुरामा लोकतान्त्रिक राजनीतिले भावुकता वा आवेशमा उपयोग गरेको उदाहरण सर्वत्र छ । प्रजातान्त्रिक मूल्य र मान्यताको मर्यादामा रहँदासम्म धर्म, भाषा, क्षेत्र वा जाति जनजातिको आन्दोलन अनर्थमूलक हुँदैन । सत्ताबाट वञ्चित र बहिष्कृत रहेको समुदाय यस्ता मागबाट सशक्त हुन पुगेको उदाहरण नभएको होइन । तर गलत नेतृत्वले यस्ता भावनाको दुरूपयोग गरेर हिंसा र अराजकता उत्पन्न गरेको हामी देख्दै छौं । संविधान लेखनका सन्दर्भमा अहिले राष्ट्रिय राजनीतिको केन्द्रमा रहेको नेतृमण्डलीले शान्त र संयत भई यस चुनौतीको उत्तर दिनुपर्छ ।

गणेशमान सिंहले उहिल्यै भन्नुभएको थियो, 'संविधानसभाको चुनाव गराउनु भनेको पेन्डोराज बक्स खोल्नु हो ।' अहिले त्यस्तै भएको छ । जाति, भाषा र क्षेत्रका कुरा उठिरहेका छन् । धर्मका बारेमा प्रसङ्ग चलेको पनि उचित हो । सिद्धान्ततः राजनीति र धर्म अलग रहनुपर्छ, राजनीति र धर्मले एकअर्काको कार्यक्षेत्रमा हस्तक्षेप गर्नै हुँदैन । यी दुइटालाई घोलमेल गर्दा कहिल्यै कल्याण भएको छैन । तर यस्तो हुन्छ । यसको सामना गर्नै पर्छ ।

पेन्डोराज बक्स खोल्दा एउटा थप जन्तु पनि प्रकट भएको छ थियो अरे । पन्डोराज बक्सको कथाको रूपक स्पष्ट छ । सबै रोग व्याधि निस्किएपछि एक अर्को प्राणी पनि निस्कन्छ । सारा अशुभ कुरा निस्किएपछि पहिले सबै आत्तिए, डराए र तर्सिए । अन्तमा एक कलिलो सुन्दर प्राणी निस्किएर यिनलाई सान्त्वना दियो, 'तपाईहरू नआत्तिनुहोस् ।' आत्तिएकाले सोधे, 'तिमी चाहिँ को हौ नि ?' उनले उत्तर दिए, 'म आशा हुँ ।' अन्तमा आशा निस्किए । संविधानसभा पनि एउटा आशा भएको छ । सारा नकारात्मक प्रवृतिलाई त्यस आशा नामक जन्तुले हाम्रामाथि हावी हुन नदेला भन्ने आशा राखौं ।

नयाँ कृति समालोचना

बुद्धज्योतिका केही रश्मि : प्रथम निबन्धात्मक कृति

✍ **प्रा.डा. कृष्णप्रसाद दाहाल**, पाटन संयुक्त क्याम्पस, पाटनढोका, ललितपुर

- **"बुद्धज्योतिका केही रश्मि"** यस कृतिका केन्द्रीय नायक नै बुद्ध हुन् । बुद्धलाई केन्द्रविन्दुमा राखेर निबन्धकारले आफ्नो बुद्ध दर्शनप्रतिको गहन अध्ययनलाई सशक्त किसिमले प्रस्तुत गरेका छन् । बुद्धलाई केन्द्र विन्दुमा राखेर उनको बहुआयामिक व्यक्तित्वका विविध पाटाहरूको खोज-अन्वेषण र विश्लेषण गर्ने काम भएको छ । समाज, राष्ट्र र विश्वकै निम्ति बुद्धले के दिएका थिए; तिनको एक एक गरेर विश्लेषण गर्ने कार्य यहाँ भएको छ ।

"बुद्धज्योतिका केही रश्मि" अनुसन्धानमूलक निबन्धहरूको सँगालो पढेपछि घनश्याम राजकर्णिकारप्रति अरू आस्था र श्रद्धा जागृत भयो मभित्र । नेपाली साहित्यमा सफल नियात्राकारका रूपमा आसन जमाएर बसेका राजकर्णिकार यस पुस्तकका अध्ययनबाट बुद्धरश्मिका आलोक बनेका छन् मेरो मानसपटलमा । यो निबन्धात्मक कृति बुद्ध र बुद्ध दर्शनका बारे पाठकसमक्ष गहकिला सूचना सम्प्रेषण गर्ने उद्देश्यबाट तयार गरिएको हो । निबन्धकारको यो कृति अध्ययन, अनुसन्धान, अवलोकन र अनुभवले खारिएको अभिलेख हो ।

निबन्धकार घनश्याम राजकर्णिकारको **"बुद्धज्योतिका केही रश्मि"** यस कृतिको प्रथम प्रकाशन २०६४ सालमा भएको हो । आफ्नै नाति-नातिनाहरू आश्रय ताम्राकार, ओजस ताम्राकार, हृदयेशा ताम्राकार, सुयेशा श्रेष्ठले प्रकाशन गरेको यस कृतिभित्र सोह्र ओटा निबन्धहरू समावेश गरिएको छ । "बुद्ध र ईश्वर"देखि लिएर "बुद्धको जन्मस्थल लुम्बिनी" सम्मका निबन्धहरूले यस सङ्ग्रहको आकार तयार गरेका छन् । बुद्धको जन्मले लुम्बिनी मात्रै होइन सिङ्गो देश र यो भूधरा नै धन्य भएको छ । सिद्धार्थ गौतमका पिता शुद्धोदन हुन्, शुद्धोदनका बालसखा असिता ठूला तपस्वी थिए । बुद्ध जन्मेको समयमा उनी हिमालय पर्वतमा तपस्यारत थिए । बुद्ध जन्मेको समाचार थाहा पाउना साथ तपस्वी असिता बुद्ध दर्शनका लागि लालायित हुँदै लुम्बिनी आउँदछन् : "बुद्धको दर्शन गरेपछि तपस्वी असिता हाँस्न र रून दुबै गर्न थाले ।" यो देखी शुद्धोदनले सोधे : "यस्तो शुभघडीमा तपाईंले के गर्नुभएको?"





असिताले भने- "तिम्रो यो घरमा जुन छोरा जन्मेको छ यो कुनै साधारण मान्छे होइन, यो असाधारण पवित्र आत्मा हो । यो तिम्रो लागि मात्र सिद्धार्थ होइन । यो अनन्त कालसम्म विश्वको लागि नै सिद्धार्थ हुनेछ । धेरै मान्छेले अब जीवनको अर्थ सिद्ध गर्न पाउने भए । त्यसैले म हाँस्तै छु किनभने यस्ता महान् आत्माको दर्शन मलाई प्राप्त भयो । म हाँस्छु, प्रशन्न हुन्छु, यस निम्ति कि यसले म बूढोको जटामा आफ्नो खुट्टा घुसाई दियो । यो सौभाग्यको क्षण हो । रून्छु यसकारणले कि यो कोपिला विकसित भएर फूल बन्नेछ, दिग्दिगन्तमा यसको सुवास फैलने छ, अनि यसको सुवासको छायाँमा करोडौंले राहत प्राप्त गर्नेछन्, तर त्यतिखेर म यस धरतीमा हुनेछैन । यसैले म रून्छु म पछुताउँछु ।" (राजकर्णिकार, २०७१ : १०७) बुद्धको महिमा र महत्त्वलाई सबैभन्दा पहिले प्रकाश पार्ने तपस्वी असिता नै हुन्, जसको जीवनको मुख्य उद्देश्य नै महामना बुद्धको दर्शन गरेर आफ्नो पञ्चभौतिक शरीर विसर्जन गरी पवित्र आत्मालाई परमात्मामा लीन गराउनु रहेको छ । राजकर्णिकारले बुद्ध र बुद्ध दर्शनको

महिमाले मण्डित यस्तो महत्त्वपूर्ण कृतिको लेखन र प्रकाशन गरेर नेपाली समाजमा आधुनिक असिताको भूमिका खेलेका छन् भन्ने मैले ठानेको छु । उनी असिताको नवीनतम् संस्करण बनेका छन् ।

नेपाली निबन्ध साहित्यमा बुद्धसम्बन्धी विषयले भरिपूर्ण **"बुद्धज्योतिका केही रश्मि"** कृतिको दोस्रो संस्करण भएको छ । यस निबन्धात्मक कृतिलाई बुद्ध प्रवचनमालाका रूपमा पनि अङ्गीकार गर्न सकिन्छ । यस सङ्ग्रहभित्रका प्रत्येक निबन्धहरू बुद्धसम्बन्धी प्रवचनले ओतप्रोत भएका छन् । राजकर्णिकारले फुर्सद फुर्सदको समयलाई सदुपयोग गरेर बुद्ध र बुद्ध दर्शनसम्बन्धी लेखहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशन गर्ने गरेको र तिनै प्रकाशित निबन्धहरूलाई उनले जस्ताको तस्तै प्रथम संस्करणमा प्रस्तुत गरेका थिए । लेखकको हतार र असावधानीले गर्दा उपयुक्त बिना परिष्कार र परिमार्जनको पीडा प्रथम संस्करणले व्यहोर्नु परेको थियो । कतिपय विषय र घटना दोहोरिएकाले गर्दा पाठकलाई बिरसिलो नगराएको होइन । पुनरूक्ति दोषले भावक मर्माहत हुनुपरेको थियो । यति भएर पनि बुद्धसम्बन्धी रोचक प्रसङ्गका आलोकले गर्दा सहृदयी पाठकको अभाव भने यसले भोग्नु परेन । त्यसैको परिणामस्वरूप यसले दोस्रो संस्करणको घुम्टी खोल्न समर्थ भएको हो । दोस्रो संस्करणमा आइपुग्दा **"बुद्धज्योतिका केही रश्मि"** ले धेरै नै सुधारिने मौका पाएको छ । पुनरूक्तिदोष, घटना र प्रस्तुतिमा अव्यस्थितपन पाइँदैन । दोस्रो संस्करण निकाल्ने सन्दर्भमा निबन्धकारले हतार र असावधानीपनबाट पूरै बचेर अनावश्यक दोहोरिएका प्रसङ्ग हटाएका छन्, दोहोरिएका कुरा हटाएका ठाउँमा उपयुक्त नवीन प्रसङ्ग समायोजन गरेका छन् । विपश्यना ध्यानबारे गहन एवम् नवीन निबन्धको आयोजना गरी शीर्षक नै परिवर्तन गरेर **"बुद्धको चरणकमलः विपश्यना ध्यानकेन्द्र"** राखेका छन् । अरू केही निबन्धका पनि शीर्षक परिमार्जन गरिएको छ । बुद्धसम्बन्धी सूचना पनि यस संस्करणमा धेरै नै समावेश गरिएको छ । प्रथम संस्करण र दोस्रो संस्करणका बीचमा देखिएका भिन्नता यिनै हुन् ।

घनश्याम राजकर्णिकार सफल नियात्राकार हुनुको नाताले यस निबन्धात्मक कृतिभित्र पनि पर्याप्त लालित्यमय अभिव्यक्ति प्रदान गर्न पछि परेका छैनन् । उनले प्रत्येक विषय र घटनालाई कोरा वर्णनमा सीमित नराखेर त्यसमा अनुभूतिका चमात्कारिक कुशलता सजाएका छन् । भाषामा लचकता, अभिव्यक्तिमा सरलता र विषयको गम्भीरता यस कृतिका विशेषता हुन् ।

"बुद्धज्योतिका केही रश्मि" यस कृतिका केन्द्रीय नायक नै बुद्ध हुन् । बुद्धलाई केन्द्रविन्दुमा राखेर निबन्धकारले आफ्नो बुद्ध दर्शनप्रतिको गहन अध्ययनलाई सशक्त किसिमले प्रस्तुत गरेका छन् । बुद्धलाई केन्द्र विन्दुमा राखेर उनको बहुआयामिक व्यक्तित्वका विविध पाटाहरूको खोज-अन्वेषण र विश्लेषण गर्ने काम भएको छ । समाज, राष्ट्र र विश्वकै निम्ति बुद्धले के दिएका थिए; तिनको एक एक गरेर विश्लेषण गर्ने कार्य यहाँ भएको छ । अहिंसा, शान्ति र **"वसुधैव कुटुम्बकम्"** को सन्देश बुद्धले कसरी फैलाएका थिए त्यसको साङ्गोपाङ्ग प्रस्तुति दिने क्रममा निबन्धकार कतै पनि कमजोर देखिएका छैनन् । बुद्धद्वारा प्रतिपादित दर्शन एवम् विचारमा भएको वैज्ञानिकतालाई अझ पारदर्शी गराउने काम लेखकले गरेका छन् ।

महामानव बुद्धका आन्तरिक र बाह्य दुबै किसिमका व्यक्तित्वको चिनारी दिनु नै यस कृतिको अभीष्ट हो । यहाँ बुद्धप्रति सस्तो भक्ति दर्शाउनु भन्दा पनि बुद्ध के हुन् र बुद्ध दर्शन के हो? भन्ने सम्बन्धमा नै निबन्धकार केन्द्रित भएका छन् । उनले बुद्धबारे अनुभव र अनुभूति गरेका कुरा मात्रै यहाँ छैनन्, बुद्ध र बुद्धदर्शनका बारेमा विभिन्न विद्वान्हरूबाट तयार पारिएका महत्त्वपूर्ण सामग्रीहरूको विस्तृत अध्ययन र मनन गरेर त्यहाँ भएका नौनीलाई यहाँ पस्कने काम गरेका छन् । जसलाई निबन्धकारको निजत्व मान्न सकिन्छ । पाठकको रौंचिरा पकाउने काम यसले गरेको छैन । बरू बुद्ध र बुद्धदर्शनलाई लिएर अलमलमा परेकाहरूलाई यस कृतिले सौन्दर्यपरक ढङ्गबाट स्पष्ट दिशानिर्देश गरेको छ । त्यस्तै धेरैलाई बुद्धको नाम थाहा छ । धेरैलाई बुद्ध राष्ट्रिय विभूति हुन् भन्ने पनि थाहा छ । धेरैलाई शान्तिका अग्रदूत हुन् भन्ने थाहा हुँदाहुँदै पनि बुद्धको नाम यति धेरै विश्वमा किन फैलियो? बुद्ध नेपालमा जन्मेर विश्वमा फैलिनुको खास कारण के हो त? यसबारे चाहिं धेरै नेपालीलाई अझै थाहा छैन । तसर्थ ती सबैको उत्तर घनश्याम राजकर्णिकारको **"बुद्धज्योतिका केही रश्मि"** कृतिले दिएको छ । बुद्धबारे भ्रम पालेर बसेका हुन् वा बुद्धप्रति पूरै पूर्वाग्रह बोकेर बस्नेहरू हुन्; अनि बुद्धप्रति पूरै आस्थावान् बनेर बस्नेहरू हुन्; यी सबैलाई यो कृतिले बुद्धसम्बन्धी तात्विक विषयद्वारा छर्लङ्ग पारेको छ । बुद्धप्रति आकर्षित हुन यहाँ न आग्रह नै छ न दबाब नै छ, केवल बुद्धले मानव कल्याणका बारेमा गरेका एक-एक विषय र घटनाको स्वाभाविक प्रस्तुति मात्रै छ । त्यसैले यो कृति सबैका लागि पठनीय र सङ्ग्रहणीय बनेको छ । नेपाली हुनुको

नाताले चाहिँ यो कृति सबैले पढ्नै पर्ने पनि देखिन्छ ।

घनश्याम राजकर्णिकारले **"बुद्धज्योतिका केही रश्मि"** का सोह्र ओटा निबन्धहरूमा सोह्रै किसिमका निबन्धात्मक कला समावेश गरेका छन् । बुद्धले ईश्वरीय सत्ताका बारेमा जिज्ञासा राख्नेहरूलाई सधैँ शोधखोजमा तल्लीन रहन सुझाब दिनुभएको यथार्थलाई देखाउने काम राजकर्णिकारले **"बुद्ध र ईश्वर"** मार्फत् गरेका छन् । आस्तिक र नास्तिक बन्नेहरू नवीन खोजतिर उन्मुख नभएर एउटै रटानमा लागिरहने हुनाले तिनीहरू ईश्वरीय सत्ताको नजिक पुग्न नसक्ने हुँदा मान्छेले आफ्नो दिमागलाई खाली राख्नु पर्दछ भन्ने बुद्ध कथनलाई यस किसिमबाट प्रस्तुत गरिएको छ :

"खोजिनीति गर्ने व्यक्ति नै अनजान बाटोतिर केही पाउनको लागि हिँड्छ । यसरी अनजान बाटोतिर हिँडेर ऊ परमात्माको नजिक पुग्न सफल हुन्छ किनभने परमात्मा जस्तो अनजान अरू कोही छैन (राजकर्णिकार, २०७१ : ५) ।" **"बुद्धको प्रेरणादायी उपदेश"** निबन्धमा कृशा गौतमीको आख्यानलाई अघि सारी मान्छे जन्मेपछि एक दिन अवश्य नै मर्छ तसर्थ यस बारे कसैले चिन्ता गर्नु हुँदैन भन्ने बुद्ध सन्देशलाई राजकर्णिकारले सरल किसिमले प्रकाश पारेका छन् । हत्यारा, पापी अङ्गुलीमाललाई प्रेम गरेर अहिंसाको बाटोमा ल्याएर शान्तिको सन्देश दिएको घटनालाई निबन्धकारले **"बुद्धको "शान्तिको सन्देश : अङ्गुलीमाललाई"** निबन्धका माध्यमबाट विस्तृत चर्चा गरेका छन् । **"बुद्ध र मैत्री भावना"** निबन्धमा बुद्धले प्रतिपादन गर्नु भएको मैत्री भावनाको महत्त्वमाथि प्रकाश पारिएको छ । शत्रुता नर्क हो भने मित्रता स्वर्ग हो भन्ने बुद्धवचनलाई राजकर्णिकारले गहन किसिमले अध्ययन गरेका छन् । सत्यमा दृढ हुनेलाई कसैले पनि हल्लाउन सक्दैन भन्ने बुद्ध कथनलाई **"बुद्धको धैर्य, सुन्दरीको कर्तुत, चिञ्चाको आरोप"** निबन्धमा छर्लङ्ग पार्ने कार्य भएको छ । **"बुद्धको शिक्षणकला"** निबन्धमा निबन्धकार राजकर्णिकारले बुद्धको उदार मनोभावना र सहनशीलताको व्याख्या गरेका छन् । हरेक मानिसभित्र आत्मानुभूतिको ज्ञान हुनुपर्छ भन्ने बुद्ध वचनामृतलाई आख्यानात्मक कारीगरीद्वारा स्पष्ट पार्ने काम यहाँ भएको छ । मानिसले आफ्नो मुक्तिका लागि आफैँ अग्रसर हुनुपर्छ भन्ने बुद्ध उपदेशलाई राजकर्णिकारले **"बुद्धको धर्म चर्चामा एक दिन"** निबन्धमा यसरी स्पष्ट पारेका छन् : "हे साधक ! तिमी पनि आफ्नो मुक्तिको लागि आफैँ लाग, आफ्नो लागि आफैँ साधना गर, आफ्नो लागि आफैँ ज्योति भएर बल । अनि निश्चय नै तिमी मुक्त हुनेछौ, तिमीले निर्वाण प्राप्त गर्ने छौ (राजकर्णिकार, २०७१: ४८) ।" **"बुद्ध यस्तो हुनुहुन्थ्यो"** निबन्धमा बुद्धद्वारा प्रतिपादित चित्त शुद्धीकरणको महत्ताबारे जानकारी प्रदान गरिएको छ । **"बुद्धको कल्याणकारी उपदेश"** मा राजकर्णिकारले बुद्धले आविष्कार गर्नुभएको **"आर्य अष्टाङ्गिकमार्ग"** को व्याख्या गरेका छन् । **"बुद्ध, अनाथपिण्डक र जेतवन विहार"** मा तथागत बुद्धले राजगिरमा हुँदा वेणुवनको करन्दनिवासमा विहार गर्नु, व्यापारी अनाथपिण्डक दर्शन गर्न आउनु, बुद्धको प्रवचनबाट प्रभावित भएर अनाथपिण्डले श्रावस्तीमा विहार बनाउने इच्छा गर्नु, विहारका लागि जेत राजकुमारको बगैँचा मन पराएर भारी मूल्य चुकाएर उपलब्ध गर्नु आदि जेतवन विहार अस्तित्वमा आउनुभन्दा अगाडिका कार्यकारणयुक्त घटना हुन् भन्ने कुरामाथि निबन्धकारको कलम क्रियाशील भएको पाइन्छ ।

"बुद्धको खोज : विपश्यना, मेरो खुद्किलो" निबन्धमा निबन्धकार विपश्यना ध्यानमा कसरी सम्मिलित हुन आइपुगे भन्ने कुरालाई देखाइएको छ । **"बुद्धको चरणकमल : विपश्यना ध्यानकेन्द्र"** मा विपश्यना ध्यान केन्द्रको गतिविधिको आकर्षणका सम्बन्धमा जानकारी दिइएको छ । **"बुद्धको ध्यानभावना: विपश्यना"** यस निबन्धमा बुद्धद्वारा प्रतिपादित विपश्यना ध्यानबारे महत्त्वपूर्ण सूचना प्रवाह गरिएको छ । बुद्धको महापरिनिर्वाणसम्बन्धी रोचक आख्यानले भरिएको निबन्ध **"बुद्धको महापरिनिर्वाण : एक चर्चा"** हो । बुद्धले मानव कल्याणका लागि गरेको योगदानको यहाँ विस्तृत चर्चा गरिएको छ । निबन्धकार राजकर्णिकारले यस सङ्ग्रहमा **"बुद्धको छवि दक्षिणपूर्व एसियामा"** शीर्षकको निबन्धलाई पूरै नियात्रात्मक शैलीमा हिँडाएका छन् । दक्षिण कोरिया, हङकङ, जापान, थाइल्याण्डका भ्रमणका क्रममा बुद्धबारे पाइएका महत्त्वपूर्ण तथ्यहरूलाई नियात्रापरक ढङ्गबाट प्रस्तुत गरिएको छ । बुद्धले नेपालमा भन्दा विदेशमा ठूलो सम्मान र उचाइ प्राप्त गरेको यथार्थलाई निबन्धकारले सूक्ष्मातिसूक्ष्म किसिमले प्रस्ट्याएका छन् । **"बुद्धको जन्मस्थल : लुम्बिनी"** यस निबन्धमा बुद्ध जन्म र त्यसपछिका विभिन्न घटनाक्रमलाई महत्त्वपूर्ण सूचनाका रूपमा प्रस्तुत गरिएको छ ।

राजकर्णिकारले बुद्धसम्बन्धी प्रत्येक घटना र विषयलाई यहाँ आख्यानीकरण गरेका छन् । निबन्धलाई आख्यानात्मक कारीगरीद्वारा प्रस्तुत गरिएकाले यहाँका प्रत्येक निबन्ध चाख लाग्दा भएका छन् । विषय, घटना र पात्रका माध्यमबाट बुद्धसम्बन्धी आख्यानलाई यहाँ सशक्त गराइएको छ । संस्कृतको **"दशकुमार चरित्र"** र **"कादम्बरी"** मा भएका शैलीगत झझल्को

यहाँका आख्यानात्मक निबन्धहरूले दिन्छन् । शैलीको विविधताले यो कृति उचालिएको छ । बुद्धको जन्मदेखि लिएर मृत्युसम्मका घटनालाई निबन्धकारले तिथिमितिकै आधारबाट खुलस्त पारेका छन् । बुद्धसम्बन्धी सम्पूर्ण तथ्यलाई खोज र अन्वेषणात्मक विधिद्वारा चिनाइएकाले यसलाई अनुसन्धानमूलक कृतिका रूपमा पनि व्याख्या गर्न सकिन्छ । त्यस्तै बुद्धको समग्र जीवनी समेटिएको हुनाले जीवनीपरक साहित्यका ठैँङ्खलामा पनि यसले उच्च स्थान बनाएको छ । यिनै विविध मौजीमसलाका बान्कीद्वारा राजकर्णिकारको **"बुद्धज्योतिका केही रश्मि"** नेपाली निबन्धको फाँटमा विशिष्ट उपलब्धिका रूपमा स्थापित भएको छ । उनले मूलतः आफ्नो बुद्धप्रतिको अगाध श्रद्धा र आस्थालाई दह्रो अभिलेख गराउने उद्देश्यबाट यस कृतिको रचना गरेका हुन् । बुद्धको आख्यानलाई जीवन्त किसिमबाट प्रस्तुत गर्दा उनी जति सन्तुष्ट र खुसी भएका छन् त्यति नै खुसीको सागरमा गोता मार्न सफल भएका छन्, बुद्धका अनुयायी र नेपाली साहित्यका पाठकहरू । यहाँ बुद्धको आख्यानलाई पौराणिक, ऐतिहासिक र सांस्कृतिक कोणबाट पनि पर्गेल्ने काम भएको हुनाले यसको महत्त्व अझ बढेको देखिन्छ । राष्ट्रिय विभूतिलाई श्रद्धा गरेर उनको व्यक्तित्वलाई व्यापक परिधिमा उतार्ने कार्य गरिएकाले राष्ट्रियताको अनुष्ठान समेत यहाँ हुन पुगेको छ । राष्ट्र, राष्ट्रियता र देशभक्तिको भावनाले तीव्रता पाएको यो कृति नेपाली निबन्ध परम्पराकै नवीनतम प्राप्तिका रूपमा देखा परेको छ । बुद्ध ऐतिहासिक, पौराणिक र सांस्कृतिक धरोहरका स्मारक हुन् । उनी सर्वश्रेष्ठ मानवताका पूजारी पनि हुन् । बौद्ध भिक्षु वा भन्तेहरूबाट बुद्धका बारेमा प्रकाश पार्ने ठोस विषय यिनै हुन् । यिनै महत्त्वपूर्ण विषयहरूलाई राजकर्णिकारको कलमले यस कृतिभित्र सुष्ठु चुम्बित किसिमले प्रस्ट पारेको छ । साधा (सामाजिक) पोसाकमा हिंड्ने व्यक्तिहरूबाट यति गहन तरिकाबाट बुद्ध र बुद्ध दर्शनबारे व्यापक खोज, अनुसन्धान गरेर त्यसलाई प्रवचन मालाकै रूपमा प्रस्तुत गरेको (अक्सर गरेर नेपाली साहित्यमा) कतै पनि देखिंदैन । लेखक राजकर्णिकारले बौद्ध प्रवचन मालाका रूपमा संयोजन गरेर यसलाई बौद्ध साहित्यकै ठैँङ्खलामा उभ्याउन सफल भएका छन् । अतः नेपाली साहित्यमा बौद्ध प्रवचन मलाको विशेषता बोकेर आएको **"बुद्धज्योतिका केही रश्मि"** यो प्रथम निबन्धात्मक कृति हो । यो कृतिको लेखन र प्रकाशन गरेर निबन्धकार राजकर्णिकार अगेरू बस्त्राधारीका भन्ते कहलिएका छन् । उनले भने जस्तै "तथागत बुद्धप्रतिको मेरो श्रद्धा, आस्था र सद्भावनाको यो फूलपाती **"बुद्ध ज्योतिका केही रश्मि"** ले पाठक वर्गमा आत्मकल्याण र आत्मचिन्तनको मार्गतर्फ अग्रसर हुन केही प्रेरणा प्रदान गर्नेछ" भनी शतशः विश्वास लिन सकिन्छ । यो कृति बुद्धधर्मको दीपशिखा बनेर सत्यको चिरशिखाको रूपमा युगयुगसम्म समाज, राष्ट्र र विश्वकै कल्याणार्थ प्रकाशित भइरहनेछ भन्दै कृतिकार राजकर्णिकारप्रति हार्दिक बधाइ ज्ञापन गर्दै उनको सुस्वास्थ्य र दीर्घायुको कामना गर्दछु । अन्त्यमा यो लेखनी बिसाउनुभन्दा पहिले बुद्धकै वाणीद्वारा उनीप्रति नमन गर्दछु :

"बत्स ! आगो, आगोबाट निभ्दैन, पानीबाट मात्र निभ्छ । वैर वैरबाट होइन, प्रेमबाट मात्र समन हुन्छ । सधैं याद राख आयुष्मान्, मनुष्यलाई प्रेमभावनाले मात्र जित्न सकिन्छ, वैर भावनाले कदापि सकिँदैन (राजकर्णिकार, २०७१ : १५) ।" बस् प्रेम, सद्भाव, धैर्यता, शान्ति, सहिष्णुताद्वारा विश्व मानव कल्याणका निम्ति जीवन समर्पण गर्ने युगनायक भगवान् बुद्धको विचारको आलोकले आप्लावित 'बुद्ध ज्योतिका केही रश्मि' नेपाली वाङ्मयका लागि मात्रै नभएर बुद्धसाहित्यकै निम्ति ठोस सामग्री बन्न सक्ने कुरामा दुईमत लिन सकिन्न । पठनीय र सङ्ग्रहणीय सामग्रीका रूपमा यसले पाठकका हृदयमा गतिलो आसन जमाइरहने छ।

बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।
सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।

इन्द्रेणी बचत तथा ऋण सहकारी संस्था लि.
गुरुजुधारा, काठमाडौं, फोन नं. ४३१५३४४,
फ्याक्स : ४३१०४५८



नयाँ कृतिबारे लेखकीय

बुद्धज्योतिका केही रश्मि

✍ घनश्याम राजकर्णिकार, rajkarnikarghana@gmail.com

- नेपालमा जन्मेर आफ्नो ज्ञानज्योतिको लौकिक रश्मीले विश्वलाई नै ओतप्रोत बनाउनुहुने तथागत बुद्ध विश्वकै मानवजातिका निमित्त गौरवपूर्ण आदर्श एवं पथप्रदर्शक हुनुहुन्छ । उहाँको ज्ञानज्योतिका केही रश्मिहरू मात्रैले पनि मानवजातिले आत्मकल्याणको मार्ग पहिल्याएको छ ।

- तथागत बुद्धप्रतिको मेरो श्रद्धा, आस्था र सद्भावनाको यो फूलपाती "बुद्धज्योतिका केही रश्मि" ले पाठक वर्गलाई आत्मकल्याण र आत्मचिन्तनको मार्गतर्फ अग्रसर हुन केही प्रेरणा प्रदान गर्नेछ र यसो भएमा र आफ्नो प्रयास सफल भएको सम्झनेछु ।

छब्बीस सय वर्षअघि हाम्रो देश नेपालमा एउटा ज्योति उदाएको थियो । सिद्धार्थ गौतम नाम गरेको यी रत्न जन्मिंदा राजकुमार थिए तर यौवनावस्था पुगेपछि राजकीय जीवन त्यागी सन्यासी बन्दै ज्ञान र सत्यको खोजी गर्दै यिनले अन्ततः बुद्धत्व प्राप्त गरे । त्यसपछि यिनलाई बुद्ध र यिनको शिक्षालाई बुद्धधर्म भन्न थाले । नेपालको गौरव यी महामनालाई एशियाको ज्योति तथा संसारको शान्तिनायक पनि भन्दछन् । साँच्चै भन्ने हो भने, मनुष्य जातिको इतिहासमा भगवान् बुद्धको जस्तो महिमामय नाम अरू कसैको छैन । बुद्धको प्रादुर्भावको साथै यस धरतीमा एउटा नयाँ अध्याय सुरू भएको छ । उहिले बुद्धले भनेका कुराहरू आज पनि सार्थक देखिन्छन् तथा आउने शताब्दीऔंसम्म पनि सार्थक भएर रहनेछन् ।

यस्ता महान् बुद्धलाई नेपालले पाउनु हामी नेपालीका लागि अत्यन्त गौरवको कुरा हो । उहाँको महत्ता नै यो छ कि उहाँ कहिल्यै एउटा देश र समयको परिधिभित्र बस्नुभएन । उहाँले सम्पूर्ण मानव मात्रको कल्याण हुने बाटो पत्ता लगाउनुभयो । त्यो बाटो कुनै व्यक्ति विशेष जाति विशेषको लागि नभई मानवमात्रको कल्याणको निमित्त हो भन्ने कुरा उहाँले प्रतिपादन गर्नुभएको शिक्षा र दर्शनबाट छर्लङ्गिन्छ । अतः बुद्ध नेपाल र नेपालीको मात्र विभूति नभई संसारकै पथ-प्रदर्शक हुनुभएको छ ।



बुद्धजस्ता महामनाको विषयमा हामीले भन्नुपर्ने, बुझ्नुपर्ने, सिक्नुपर्ने कुराहरू धेरै छन् । भनिन्छ, उहाँको सन्मुख पर्नासाथ जसको पनि हृदय गद्गद् हुन्थ्यो र आ-आफ्नो तरिकाले भन्ने गर्थे-

"हे श्रमण ! हजुरको छाँया सुखकर छ ।"

"हे तथागत ! प्रभुको शरण कल्याणकारी छ ।"

"हे लोकनाथ । तपाईका गुणहरू अनन्त छन् ।"

"हे भगवान ! हजूर अनन्त ज्ञानी तथा सर्यद्रष्टा हुनुहुन्छ ।"

साँच्चै भने हो भने तथागत बुद्धको सम्पूर्ण जीवन र व्यक्तित्व

दया, करूणा, मैत्री, प्रेम तथा प्रज्ञा, अहिंसा, समताको भावना तथा कार्यान्वयनबाट प्रज्वलित थियो । उहाँ रोगीहरूको सेवा गर्नुहुन्थ्यो, कुमार्गमा लागेकाहरूलाई सत्मार्गमा ल्याउनुहुन्थ्यो, अज्ञानीहरूलाई ज्ञानी बनाउनुहुन्थ्यो, क्रोधीलाई विवेकशील बनाउनुहुन्थ्यो तथा कोलाहल वातावरणमा शान्ति स्थापना गर्नुहुन्थ्यो । उहाँजस्ता करूणासागर, प्रेमपुजारी, परिपक्व, मनोवैज्ञानिक, व्यावहारिक, शान्तिनायक, प्रेरणादाता, प्रज्ञावान, महापुरूष यस धर्तीमा जन्मेका छैनन् । अतः हामी उहाँलाई मानिसको दर्जाबाट उठाई भगवान्को आसनमा राखी उहाँप्रति कृतार्थ बन्न खोजेका हौं ।

यस्ता अथाह महिमायुक्त व्यक्तित्वको बारेमा म साह्रै अल्पज्ञ छु । उहाँबारे केही लेख्नु भनेकै सूर्यको अगाडि बत्ति बाल्नुझैं नद्दहोला भन्न सकिन्न । तैपनि उहाँबारे बेलाबखत केही नलेखी बस्न नसक्ने तथा मनमा चैन नमिल्ने भएकोले बेलाबखत उहाँको सम्बन्धमा पढेर गुनेर थाहा पाइएका केही कुराहरू लेख्ने गरेको छु ।

नेपालमा जन्मेर आफ्नो ज्ञानज्योतिको लौकिक रश्मिले विश्वलाई नै ओतप्रोत बनाउनुहुने तथागत बुद्ध विश्वकै मानवजातिका निमित्त गौरवपूर्ण आदर्श एवं पथप्रदर्शक हुनुहुन्छ । उहाँको ज्ञानज्योतिका केही रश्मिहरू मात्रैले पनि मानवजातिले आत्मकल्याणको मार्ग पहिल्याएको छ । उहाँद्वारा प्रकाशमान भएको शिक्षा सन्देश र मार्गका विषयमा वर्तमानको पुस्ताको अतिरिक्त भविष्यको पुस्तालाई पनि जानकारी दिने उद्देश्यले तयार पारिएको यो पुस्तक तथागत बुद्धप्रतिको आस्थाको एउटा सानो फूलपाती हो ।

मलाई विश्वास छ- तथागत बुद्धप्रतिको मेरो श्रद्धा, आस्था र सद्भावनाको यो फूलपाती "**बुद्धज्योतिका केही रश्मि**"ले पाठक वर्गलाई आत्मकल्याण र आत्मचिन्तनको मार्गतर्फ अग्रसर हुन केही प्रेरणा प्रदान गर्नेछ र यसो भएमा र आफ्नो प्रयास सफल भएको सम्झनेछु ।

यो मन

- पुरनबहादुर शाक्य
तानसेन-८, पाल्पा

लुम्बिनी, बोधगया, सारनाथ, कुशीनगर ।
यी संवेजनधाम यो मन पुग्छ, त्यहाँ पूर्ण आराम ।।
चारिका गरिरहेछु, यो मन, संसारकै सबै स्थान ।
छैन कहाँ, कतै सिर्फ ! रहेछ बौद्ध चारधाम ।।

असहाय वृद्धा देख्दा पनि, दुःखित हुन्छ यो मन ।
रोगीलाई देख्दा पनि, पीडा हुन्छ यो मन ।।
मृत्युलाई देख्दा, अझ रून्छ यो मन ।
कसरी चित्त बुझाउँ, कुन मलम लगाउँ यो मन ?

यो मन हावा सरी बहकिदिन्छ, कसैको बसमा छैन मन ।
कुन धर्मलाई अंगाल्ने, कुन देवतालाई पूजा गर्ने ?
आफू-आफैमा स्थिर छैन, चञ्चल यो मन ।
अन्त समय बित्दै जान्छ, खाली-खाली रहन्छ यो मन ।।

प्रेमीलाई नदेख्दा, अप्रेमीलाई देख्दा पनि दुख्छ यो मन ।
यो मनको मैलो पखाली, श्रवण गरौं बुद्धको धम्म-ज्ञान ।।
पञ्चशील पालन गरौं, बुद्धको ज्ञान-माला मनमा सझाई ।
हृदय परिवर्तन गरौं, बोध गरौं, हामी बनौं बुद्धझैं महान ।।

मनको मुना पलाउँदै, मन मस्तिष्कबाट राग, द्वेष हटाई ।
शील, समाधि र प्रज्ञा, अन्तर मनभित्र जगाउनु छ ।।
शुद्ध अन्तर मन निस्वार्थ भावले, मानव सेवा गर्नु छ ।
बुद्धवाणी मनन् गरी यो मन, जीवन सार्थक बनाउनु छ ।।

डा. सानुभाइ डंगोल : एक चिनारी

✍ कृष्णकुमार प्रजापति

- कलिलो उमेरदेखिनै सरल जीवन यापन गरी इमान्दार व्यक्तित्वको रूपमा हुर्कनुभएको थियो । वहाँ जो कोहीसित पनि मिलनसारभै व्यवहार गर्ने व्यक्तित्व हुनुहुन्थ्यो ।

- डा. सानुभाई डंगोलले ७२ वर्षको उमेरमा यस अनित्य भौतिक संसारबाट सदाको निम्ति २०७१ मंसिर ८ गते (ई. सं. २०१४ नोभेम्बर २५) देहावसान हुनुभयो । वहाँ काठमाडौंका रैथाने नेवार, अझ विशेषतया ज्यापू जातिका विद्वत व्यक्तित्व हुनुहुन्थ्यो । स्मरणीय छ- "स्वघोषित श्रोतापन्न" वहाँ बालब्रह्मचारी व्यक्तित्व हुनुहुन्थ्यो ।

१. जन्मः

श्रद्धेय कल्याणमित्र लोक प्रसिद्ध बौद्ध विद्वान दरवार विशेषज्ञको रूपमा चर्चित व्यक्तित्व डा. सानुभाई डंगोलको



जन्म वि. सं. १९९९ पौष २३ (ई. सं. १९४३ जनवरी ६) गते माता देवकुमारी डंगोल एवं पिता रत्नमान डंगोलको कोखबाट जन्मनुभएको थियो । कलिलो उमेरदेखिनै सरल जीवन यापन गरी इमान्दार व्यक्तित्वको रूपमा हुर्कनुभएको थियो । वहाँ जो कोहीसित पनि मिलनसारभै व्यवहार गर्ने व्यक्तित्व हुनुहुन्थ्यो ।

२. राजप्रसाद सेवा :

डा. सानुभाई डंगोलले १६ वर्षको उमेरमा वि. सं. २०१४ साल श्रावण १ देखि "बहिदार" पदमा राजदरवार सेवामा प्रवेश गरी निरन्तर रूपमा सेवारत भई नियमानुसार बढुवा हुनुभै "सह-सचिव" पदसम्ममा पदासिन हुनुभै २०५० साल वैशाख १ गते सो पदबाट अवकाश ग्रहण गर्नुभएको थियो । वहाँले राजदरवार सेवामा कार्यरत रहनुहुँदा वहाँको तर्फबाट सम्पादन भएका कार्यहरू निम्नलिखित थिए :

क) दक्षिणकाली क्षेत्र विकास समितिका प्रथम अध्यक्ष

ख) काठमाडौं उपत्यका धार्मिक तथा सॉस्कृतिक क्षेत्र विकास समन्वय समितिका प्रथम सदस्य सचिव

ग) पशुपति क्षेत्रका धार्मिक र विकास कार्यहरूको सुपरिवेक्षण गर्नुभएको थियो, सो कार्य सम्पादन भएकोले नै होला वहाँको नाम श्री पशुपतिनाथ मन्दिरको भित्री छतमा कुँदिएको छ ।

३. शैक्षिक क्षेत्रमा योगदान :

डा. सानुभाई डंगोलले निरन्तर रूपले इमान्दार र कर्तव्यनिष्ठभै ३५ वर्ष ८ महिना राजदरवार सेवामा समर्पितभै सकेपछि, सो सेवाबाट गत २०५० वैशाख १ बाट सेवा निवृत्त भइसकेपछि वहाँबाट निम्न क्षेत्रमा अध्यापन प्राध्यापन भयो-

क) सरस्वती बहुमुखी क्याम्पसमा करिब ६ वर्षसम्म आँशिक शिक्षक भई राजनीति शास्त्र विषयमा प्राध्यापन ।

ख) त्रि. वि. वि. बौद्ध अध्ययन विभागको प्रारम्भिक कालमा ३ शैक्षिक सत्रमा आंशिक शिक्षकभै प्राध्यापन गर्नु भएको । सो अवधिमा Class notes को रूपमा तयार गरेको सामग्रीलाई संकलन गरी पछि सन् २००१ मा "Lectures of Buddhism" पुस्तक नै प्रकाशन ।

ग) लुम्बिनी बौद्ध विश्वविद्यालयमा करिब ४ वर्षसम्म अनुसन्धान समितिको सदस्यभै सेवा सम्पादन ।

घ) लुम्बिनी बौद्ध विश्वविद्यालयअन्तर्गतका महायानी संकाय सुगत बौद्ध महाविद्यालयका प्रथम प्राचार्यको रूपमा कार्य सम्पादन एवं प्राध्यापन ।

ङ) थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्को आजीवन सदस्यभई सल्लाह प्रदान ।

४. शिक्षा :

डा. सानुभाई डंगोलले एम. ए. (राजनीतिशास्त्र) र पी. एच. डी, (विद्यावारिधि) राजनीतिमा ।

५. कृतिहरू :

डा. सानुभाई डंगोलले राजदरवार सेवामा समर्पित हुँदा तथा सेवा निवृत्त अवस्थामा लिखित कृतिहरू -

१) Stray sentiments (1991 A.D.)
२) The Pashupatinath (1993 A.D.)
३) Sotapanna or flash of Enlightenment: Some Experiences (1996 A.D.)
४) श्रोतापन्न अर्थात् निर्वाणको दर्शन : केही अनुभूतिहरू- वि. सं. २०५४)
५) Palace in Nepalese politics (1996 A.D.)
६) Lecture on Buddhism (2001 A.D.)
७) नेपाली राजनीतिमा दरवार (वि.सं. २०६३)
८) बौद्ध इतिहासका केही पृष्ठहरू बुद्धधर्ममा देखा परेका विकृति र विचलनहरू सम्बन्धमा एक अध्ययन (वि.सं. २०६३)
९) अन्तर्मनका आवाजहरू (वि.सं. २०६४)
१०) धर्मनिरपेक्षता र यसको उपादेयता : नेपालको सन्दर्भमा (वि.सं. २०६७)
११) प्राग्-बौद्धकालीन दार्शनिकहरू (Pre-Buddhist philosophers), वि.सं. २०७०

६. नगदेश बौद्ध समूहसित आवद्ध :

थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्को सक्रिय आजीवन सदस्य हुनुभएदेखि नै नगदेश बुद्धविहार, नगदेश बौद्ध समूह एवं बौद्ध ल्याय्म्ह पुचः नगदेशसित बौद्ध विद्वान डा. सानुभाई डंगोलको साइनो कस्न पुग्यो । नगदेश बौद्ध समूहको हरेक क्रियाकलापमा समेत वहाँ संलग्नभै उचित सल्लाह र निर्देशन समेत दिनुभई नगदेश बुद्धविहारको प्रशंसा समेत गर्नुहुन्थ्यो । वहाँबाट वि. सं. २०६३ पछि प्रकाशित कृति रचनाहरूमा "अन्तर्मनका आवाजहरू (वि. सं. २०६४)" बाहेकका सबै कृतिहरू प्रकाशन गरी वितरण गर्ने समेत सुअवसर दिनुभएको थियो । डा. सानुभाई डंगोलको विद्वताको प्रतिकृति नै भन्नु पर्दछ वहाँले विद्यावारिधि (पि.एच.डी) गर्नुभएको बेलामा तयार गर्नुभएको शोध ग्रन्थ "The palace in Nepalese Politics" को नेपाली अनुवाद कृति- "**नेपाली राजनीतिमा दरवार** (वि.सं २०६३)" प्रकाशन गर्ने सुअवसर नगदेश बौद्ध समूहको भातृ संगठन- बौद्ध ल्याय्म्ह पुचः, नगदेशलाई प्राप्त भएको पनि आजको घडीमा पुन संस्मरण गरिन्छ । तत्पश्चात् महायानी बुद्धधर्मका प्रख्यात धर्मगुरू रिम्पोच्छे श्रीधर राणासित धर्म संवाद भएको प्रतिकृति, जुन नेपाली बौद्ध जगतमा ख्याति पाएका कृति- "**बौद्ध इतिहासका केही पृष्ठहरू बुद्धधर्ममा देखा परेका विकृति र विचलनहरू एक अध्ययन** (२०६३)" पनि बौद्ध ल्याय्म्ह पुचः नगेशबाट दोश्रो प्रकाशनको रूपमा लोकार्पण गर्ने मौका पाइयो । यस कृतिबाट ज्ञात हुन आउँछ कि डा. सानुभाई डंगोलको विद्वतायुक्त कलम कति तिखारिएको छ ।

त्यस्तै गरी जन आन्दोलन- द्वितीय सम्पन्न भए पश्चात् निर्मित अन्तरिम संविधानमा धर्मनिरपेक्षता समावेशको क्रममा थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्को आयोजनामा गरिएको एक दिवशीय गोष्ठीमा डा. सानुभाइ डंगोलले "**धर्म निरपेक्षता र यसको उपादेयताः नेपालको सन्दर्भमा**" जस्ता सामयिक एवं सान्दर्भिक कार्यपत्र प्रस्तुत गरी आफ्नो विद्वता प्रदर्शन गर्नुभएको थियो, सो कार्यपत्र र सम्बन्धित लेखहरूको संगालोको रूपमा बौद्ध ल्याय्म्ह पुचः नगदेशबाट तेश्रो प्रकाशनको रूपमा लोकार्पण गर्ने पुनः सुअवसर प्रदान गर्नुभएको थियो श्रद्धेय डा. डंगोलबाट वि. सं. २०६७ साल पौष ६, यःमरी पूर्णिमा, धनधान्य पूर्णिमाको दिनमा ।

नगदेश बौद्ध समूह २०४५ प्रति वहाँ डा. सानुभाई डंगोलको साइनोको प्रतिकृति अन्तिम रूपमा गत २०७० साल श्रावण ७, सोमबार, असार पूर्णिमाको दिनमा २५५७ औं धर्मचक्र प्रवर्तन दिवसको उपलक्ष्यमा "**प्राग्-बौद्धकालीन दार्शनिकहरू**" (Pre-Buddhist Philosophers) प्रकाशन गरी लोकार्पण गर्ने सुअवसर पुनः जुऱ्यो । अतः नगदेश बौद्ध समूह, नगदेश बुद्धविहार र बौद्ध ल्याय्म्ह पुचः नगदेशप्रति वहाँको लगाव, झुकाव स्पष्ट हुन्छ ।

७. सेमिनार गोष्ठीमा सहभागिता :

प्रस्तावित सिद्धार्थ बौद्ध विश्वविद्यालयको मासिक नियमित गोष्ठीमा सहभागीभै कार्यपत्रहरू प्रस्तुत गर्नुहुन्थ्यो भने राजविराजमा सम्पन्न धर्मोदय सभाको एघारौं राष्ट्रिय सभामा पनि सहभागीभै कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । त्यस्तै गरी हालै पवित्र पावन लुम्बिनीमा थेरवाद बुद्धिष्ट एकेदेमी र सितगु बौद्ध विश्वविद्यालयको संयुक्त आयोजनामा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा सहभागीभै महत्त्वपूर्ण, सामयिक र सान्दर्भिक कार्यपत्र- Preservation and Development of Buddhist heritages at Lumbini Area: Challenges and Opportunities प्रस्तुत गर्नुभएको थियो । यसरी वहाँले विभिन्न स्वदेशी विदेशी

मञ्चमा बुद्धधर्म र अन्य विषयहरूमा कार्यपत्रहरू प्रस्तुत गरी आफ्नो बौद्धिक प्रतिभा प्रदर्शन गर्नुभएको थियो ।

८. देहावसान :

डा. सानुभाई डंगोलले ७२ वर्षको उमेरमा यस अनित्य भौतिक संसारबाट सदाको निम्ति २०७१ मंसिर ९ गते (ई. सं. २०१४ नोभेम्बर २५) देहावसान हुनुभयो । वहाँ काठमाडौंका रैथाने नेवार, अझ विशेषतया ज्यापू जातिका विद्वत व्यक्तित्व हुनुहुन्थ्यो । स्मरणीय छ- **"स्वघोषित श्रोतापन्न"** वहाँ बालब्रह्मचारी व्यक्तित्व हुनुहुन्थ्यो । वहाँको देहावसानपश्चात् पशुपति आर्यघाटमा परिवारजनको सहमतिमा तिलगंगा आँखा प्रतिष्ठानका सहयोगी चिकित्सक हस्ते दुबै आँखा दान गरियो ।

नगदेश बौद्ध समूह, नगदेश बुद्धविहार, बौद्ध ल्याम्ह पुचः नगदेश, धर्मोदय सभा र थेरवाद बौद्ध दायक केन्द्रीय परिषद्ले संयुक्त तवरले दिवंगत डा. सानुभाई डंगोलको योगदानलाई स्मरण गरी सद्गतिसहित निर्वाण कामना गर्दछ ।

(लेखक नगदेश बौद्ध समूह, भक्तपुरका सचिव हुन् ।)

बौद्ध वृद्धाश्रमलाई सहयोग प्राप्त

दिवंगत भिक्षु सुमंगल महास्थविरबाट स्थापित तथा हाल बुद्धविहार भृकुटीमण्डपबाट संरक्षित बनेपाको बौद्ध वृद्धाश्रमलाई भौतिक पूर्वाधार, आश्रम संचालनार्थ आर्थिक, भौतिक वा कुनै पनि रूपमा श्रद्धालु दाताहरूबाट सहयोगको आवश्यकता रहेको छ, यहाँहरूको सहयोगले मात्र आश्रमलाई निरन्तरता दिन सकिने भएकाले वृद्धाश्रम सहयोगको अपेक्षा राख्दछ ।

यसैक्रममा वृद्धाश्रमका लागि सहयोग गर्ने निम्न दाताहरूलाई वृद्धाश्रमको तर्फबाट हार्दिक साधुवाद व्यक्त गर्दछ ।

१) दिवंगत पिता द्वारिका नारायण तथा दि. माता न्हुच्छेमाया मानन्धरको पुण्यस्मृतिमा सानुबाबु साय्मि/भगवानदेवी मानन्धर, खुसिबुँबाट -रू. २०,०००/- प्राप्त ।

सानुबाबु साय्मि

भगवानदेवी मानन्धर

२) दिवंगत बाजे सिद्धि नारायण मानन्धर तथा दि. काकाबाजेको पुण्यस्मृतिमा सत्यनारायण मानन्धर/सुभद्रा मानन्धर, सामाखुसीबाट -रू. ९,१४५/- प्राप्त ।

३) प्रज्ञा स्कूल, कक्षा ९ र १० का विद्यार्थीहरू-गल्कोपाखाबाट -रू. ४,०००/- प्राप्त ।

४) दिवंगत पिता ललितवज्र, दि. माता ज्ञानमाया तथा दि. जहान रामद्वीप वज्राचार्यको पुण्यस्मृतिमा उपासिका चिनीमाया वज्राचार्य, सामाखुसीबाट -रू. ५,०००/- प्राप्त ।

५) दिवंगत पिता लक्ष्मीनन्द, दि. ठूलोबुबा अष्टमानन्द वज्राचार्यको पुण्यस्मृतिमा उपासिका श्रृजना वज्राचार्य, सामाखुसीबाट -रू. १,०००/- प्राप्त ।

६) पिता चन्द्रवज्र, माता सानुमाया वज्राचार्यको पुण्यस्मृतिमा सबिता र रूपा वज्राचार्य, झ्वाःबहालबाट -रू. १,५१०/- प्राप्त ।

७) पिता ज्ञानवज्र, माता धर्मदेवी वज्राचार्यको पुण्यस्मृतिमा ललिता वज्राचार्य, झ्वाःबहालबाट -रू. ५०५/- प्राप्त ।

८) सानुबाबु साय्मि/भगवानदेवी मानन्धर, खुसिबुँबाट माघ ३ गते भोजन प्रदान, यसरी नै सुरेश मानन्धर तथा सबिना साय्मि परिवारबाट आश्रमवासीलाई ब्लायंकेट प्रदान ।

९) गणेश कुमारी मानन्धर, झोछेँबाट -रू. ५००/- प्राप्त ।

१०) सोमालक्ष्मी बचत तथा ऋण सहकारी, बनेपाबाट- ५० केजी चामल, १० लिटर तेल, लुगाधुने साबुन ४ दर्जन, १० केजी दाल, हर्लिक्स १२, चियापट्टी १ केजी, चिनी ५ केजी ।

११) युनिटी बचत तथा ऋण सहकारी, बनेपाबाट चामल ९० केजी, खाजा तथा फलफुल वितरण ।

१२) पुष्प बैदार, बनेपाबाट २५ केजी चामल, ५ केजी दाल, आलु २ धार्नी ।

१३) हरिदेवी श्रेष्ठ, नयाँ बस्ती-बनेपाबाट मासिकरूपमा चिनी २ केजी, चियापट्टी २०० ग्राम ।

१४) लक्ष्मी बैंक, बनेपाबाट खास्टो, हर्लिक्स तथा बिस्कुट वितरण ।

१५) राजन शाक्य, बनेपाबाट २० गते भोजन प्रदान ।

१६) एस.ओ.एस. बालग्राम स्कूलका विद्यार्थीहरूबाट आश्रमवासीलाई थर्मस, कप, चम्चा प्रदान ।

सहयोगार्थ सम्पर्कः

बौद्ध वृद्धाश्रम, बनेपा

फोनः ०११-६६२८४९, (तीन दोबाटो हुँदै नालाजाने ध्यानमार्ग)

नगर सम्पर्क : बुद्धविहार भृकुटीमण्डप

फोनः ९८५१०४६१८८, ४२२६७०२

जापानको एकहजार एक बुद्धमूर्ति भएको राष्ट्रिय खजना सान्जु सानगेन-डो

✍ मेघराज शर्मा, तानसेन

- जापान भ्रमणको क्रममा मलाई सान्जु सानगेन-डो भन्ने मन्दिर हेर्ने अवसर प्राप्त भयो । यस मन्दिरमा १००१ ओटा बुद्धका मूर्तिहरू सजाइएका छन् । यथार्थमा यी मूर्तिहरूलाई डाइटी (अंग्रेजीमा) भनियो ।

- धेरै घरको जंगल बनेको काठमाडौंमा अहिले सुनधारा कतातिर थियो रे भनेर खोज्नु पर्ने अवस्था छ । हामीले पनि आफ्नो ऐतिहासिक सांस्कृतिक सम्पदाको संरक्षण संवर्द्धनतर्फ ध्यान दिने कहिले होला?

आफ्नो इतिहास र संस्कृतिमा सबै मानिस गर्व गर्छन् । त्यसको रक्षा गर्छन् प्रवर्द्धन गर्छन् र त्यसबारे अध्ययन अनुसन्धान गर्छन् । प्रचार गर्छन् र आफ्नो पहिचान संसार सामु देखाउँछन् । जापानमा त्यस्ता ऐतिहासिक सांस्कृतिक सम्पदाको संरक्षण संवर्द्धन गर्ने उनीहरूको संस्कार नै रहेछ । हामीले त्यहाँको त्यो सम्पदाको विशाल भण्डारको एउटा सानो छेउ मात्र हेर्यौं ।

जापान भ्रमणको क्रममा मलाई सान्जु सानगेन-डो भन्ने मन्दिर हेर्ने अवसर प्राप्त भयो । यस मन्दिरमा १००१ ओटा बुद्धका मूर्तिहरू सजाइएका छन् । यथार्थमा यी मूर्तिहरूलाई डाइटी (अंग्रेजीमा) भनियो ।

अंग्रेजीको यस शब्दको अर्थ देवताभन्दा पनि देवत्व प्राप्त व्यक्ति भन्ने लगाउँछ अंग्रेजी शब्दकोषले । त्यसैले मलाई लाग्छ यहाँ रहेका सानाखाले एक हजार मूर्ति बुद्धकै अनुहारका भए पनि बुद्धधर्मको पालना गरेर बुद्धत्व अथवा देवत्व प्राप्त गरेका साधकहरूको प्रतीक जस्तो लाग्यो । किन भने यी सबको बीचमा अर्को उस्तै अनुहारको ठूलो बुद्धकै मूर्ति छ जसको वरिपरि यी देवत्व प्राप्त साधुहरू बुद्धको सामुन्यमा राखिएका हुन् । भाषिक समस्याले गर्दा यस्ता कुराहरू छिर्लिग्याएर बुझ्न सकिएन । यी मूर्तिमध्ये १२४ मूर्ति १२ औं शताब्दीमा बनेका र मन्दिर निर्माण गर्दा नै स्थापित थिए भने बाँकी मूर्ति ८७६ गोटा मन्दिर मर्मत गर्दा १३ औं शताब्दीमा थपिएको बताइयो । यी मूर्तिहरूको नाम जुइचीमेन सेञ्जुसेञ्जन क्याञ्जेइन रहेछ । यी मूर्तिहरू जापानमा हुने एक प्रकारको बलियो काठबाट बनाइएका रहेछन् । साना मूर्तिहरूलाई महत्त्वपूर्ण सांस्कृतिक सम्पत्ति रे ठूलो बसेको मूर्तिलाई राष्ट्रिय खजना भनिँदो रहेछ ।

मन्दिरको एकापट्टि मेघका देवता र अर्कापट्टि वायुदेवता नामका मूर्तिहरू बादल आकारकै विशेष प्रकारको मूर्तिहरू राखिने आसनमा सजाइएका थिए । यी मूर्तिहरूले त्यसबेला प्रकृतिबाट हुने डर हटाई दिएकोमा कृतज्ञतास्वरूप स्थापना गरिएका रे । मेघ र वायु सामान्य अवस्थामा पृथ्वीका सबै खाले जीवित

प्राणीको निम्ति आवश्यक रहनुका साथै यदा कदा यिनको असाधारण उपस्थिति सबै प्राणीको विनाशको कारण पनि बन्न सक्ने भएकाले उनीहरूले असाधारण रूप ग्रहण नगरून् भनेर यिनको पूजा गरिएको होला । सबै धर्ममा प्राकृतिक शक्तिहरूको

पूजा कुनै न कुनै प्रकार गर्ने चलन छ । हामी हिन्दूहरू त सूर्य चन्द्र तारा, ग्रहहरू नदी पर्वत, ढुङ्गा, वृक्ष आगो, पानी जस्ता तमाम प्राकृतिक शक्तिहरूलाई पूजा गर्छौं नै । यी दुई मूर्ति बाह्रौं शताब्दीको मूर्तिकलाका प्रतिनिधि हुन् । यी मूर्तिहरूलाई पुराना काल्पनिक लोक कथामा आधारित आकृतिमा देवत्व युक्त ठानिने गरेको छ । यस्ता मूर्तिहरू हाम्रो हिन्दूधर्म परम्परामा पनि अहिलेसम्म प्रचलित छन् । पाल्पाकै भैरवलाई त्यस्तैमध्ये एक मान्न सकिन्छ । यी मूर्तिहरूको शरीरको संरचना छुट्टै बनाइयो । उनले धारणा गरेका अलंकार औजार आदि छुट्टै बनाएर मूर्तिसँग एकाकार बनाई सजाइएका छन् ।

यस मन्दिर र यसका मूर्तिहरूलाई जापान सरकारले राष्ट्रिय सम्पत्तिको रूपमा राखेको छ । यो मन्दिर एक जना जापानी योद्धा **"ताइरा-नो-कियामोरी"** ले सन् ११६४ मा स्थापना गरेको भनिन्छ । यो मन्दिरमा आगोलागीबाट क्षति भएपछि सन् १२६६ मा पुनःनिर्माण गरिए पनि यी मूर्तिहरू उही पुरानै हालतमा संरक्षण गरिएको बताइन्छ । मन्दिरमा करिब १२० मीटर लामो हल चाहिँ बायो भनिने वास्तुकलामा निर्मित छ । यो हल निर्माणको हिसाबले ३३ खण्डमा विभाजित भए पनि एउटै छ । यसको छाना र दक्षिण द्वारलाई १६ औं शताब्दीको उत्कृष्ट सुन्दरतामा गणना गरिन्छ ।

आफू वास्तुविद् पनि नभएको कलाविद् पनि नभएकाले यस मन्दिरको त्यो पक्ष चाहिँ त्यहाँ मानिसहरूले छोटो समयमा जे जसरी बताए र हामीलाई दोभाषेले जे जसरी सम्झाए त्यसकै भरमा माथि उल्लेखित कुराहरू प्रस्तुत गरेको छु । आफू चाहिँ कहिल्यै नदेखेको र त्यसको अन्तरवस्तु बुझ्ने क्षमता नभएको कारण हेरेर चकित र गद्गद् हुने बाहेक केही थिएन । हेर्दै र कुरा सुन्दै गर्दा म जापानीहरूको आफ्नो इतिहास कला र संस्कृतिप्रतिको प्रेम देखेर बुझेर रोमाञ्चित पनि थिएँ र आफ्नो मुलुकको अवस्थाबाट एक प्रकारको ग्लानि पनि । त्यो रोमाञ्चकमा देशको अवस्था मिसिएर हेर्दा मलाई टर्रो अनुभव भइरहेको थियो ।

हाम्रो देशमा भने त्यस्ता ऐतिहासिक सांस्कृतिक सम्पदालाई त्यति महत्त्व दिने गरेको पाइँदैन । हाम्रो पुस्ताले देख्दा देख्दै त्यस्ता ऐतिहासिक सांस्कृतिक सम्पदाहरू पाताल भएका छन् । र नभएका भए पनि तिनको जीर्णोद्धार गर्ने, रक्षा गर्ने, अनुसन्धान तथा प्रचार प्रसार गर्नेभन्दा तिनको ठाउँमा वर्तमानको आवश्यकता अनुसारको अरू थोक नै बनाएर तिनलाई विस्थापित गर्ने चलन पो छ । यो हाम्रो अहिलेको पुस्ताको मात्र कुरा पनि होइन । हाम्रा पुर्खाहरूले पनि त्यस्ता वस्तुको जगेर्ना नगरेको देखिन्छ । काठमाडौंको भोटाहिटी चोकमा सव-वे (भूमिगत बाटो) बनाउँदा त्यहाँ पुरिएको धारा तथा देवमूर्ति पाइएका थिए । केही वर्षअघि सुन्धारा नजिकै कर्मचारी संचयकोषको भवन बनाउँदा ऐतिहासिक सांस्कृतिक सम्पदाको कुरा रहेको र सधैं पानीको अनिकाल रहेको काठमाडौंमा थोरै भए पनि पानी दिएर त्यस भेगको जनतालाई राहत प्रदान गरेको सुनधाराको मुहानै सुकेको चर्चा भएको थियो । त्यहाँको सडक छेउमा गहिरो ठाउँमा सधैं महिलाहरूले धाराको पानीमा नुहाई धोई गरेको देखिन्थ्यो । धेरै घरको जंगल बनेको काठमाडौंमा अहिले सुनधारा कतातिर थियो रे भनेर खोज्नु पर्ने अवस्था छ । हामीले पनि आफ्नो ऐतिहासिक सांस्कृतिक सम्पदाको संरक्षण संवर्द्धनतर्फ ध्यान दिने कहिले होला?

बुद्धको जन्मभूमि राष्ट्र नेपालमा सुख-शान्ति फैलिरहोस् ।

सम्पूर्ण नेपालीहरूमा धार्मिक चेतना विकास होस् ।

राजधानी बचत तथा ऋण सहकारी संस्था लि.

बागबजार, काठमाडौं ३१, फोन : ०१-४२१९२५२

उनकै शब्दमा : बुद्ध को हुन् ?

✍ कोण्डन्य

कुनै बेला भगवान बुद्ध कोशलराज्यको उक्कट्ठा (उत्कृष्ठ) नगरबाट सेतव्य नगरतिर जाँदै हुनुहुन्थ्यो । श्रावस्तीबाट निकटतम नगर सेतव्य थियो । सेतब्य भएर नै श्रावस्ती जानु पर्दथ्यो । सेतब्यको उत्तरतिरको हिमालय पहाडको छेउमा उक्कट्ठा (उत्कृष्ठ) नगर थियो ।

अङ्गुत्तर अर्थ कथानुसार द्रोण ब्राह्मण यश र कीर्तिले सम्पन्न थिए । यिनी धर्मशास्त्र, ब्याकरण, इतिहास र लक्षण शास्त्रमा निपुण थिए । एक दिन यी पाँचशय शिष्यहरूका साथ बहुमूल्य लुगाहरू लगाई उक्कट्ठाबाट कुनै कामको निम्ति निस्के । जाँदा जाँदै बाटोमा उनले भगवान् बुद्धको पदचिन्हमा चक्राङ्कित रेखा देखेर द्रोण ब्राह्मण आश्चर्य चकित भए । अनि भगवान्लाई भेट्टाउन उक्त पदचिन्हको पीछा गरे । पदचिन्हको पछि लाग्दै जाँदा एक रूखमुनि बुद्धलाई देखेर द्रोणले जिज्ञासायुक्त प्रश्न गरे कि–

'तपाई देवता हुनुहुन्छ कि इत्यादि सोधिएका प्रश्नको जवाफ दिँदै बुद्धले द्रोण ब्राह्मणको जिज्ञासा शान्त पारेका थिए । बुद्धले आफ्नो परिचय आफैले प्रस्ट पारेका उत्तर स्मरणीय छ । (अंगुत्तरनिकाय, दोणसुत्त ।)

कुनैबेला बुद्ध हिँडेकै बाटो भई द्रोण ब्राह्मण जाँदै थिए । अनि द्रोण ब्राह्मणले बाटोमा, बुद्धको पदचिन्हमा चक्राङ्कित रेखा देखे । सो चक्रचिन्हमा हजारवटा आरा (तेर्सो रेखा) र भित्री तथा बाहिरी गोलाई रेखा पनि राम्ररी देखिन्थ्यो । यस्तो देखेर उनको मनमा यस्तो लाग्यो :–

"आश्चर्य ! अद्भूत ! ! यो पद-चिन्ह मनुष्यको हुनै सक्दैन !"

त्यस बखत भगवान् बाटो छोडेर एक रूखमुनि स्मृतिसहित पलैटीकसी ध्यान-मुद्रामा बसेका थिए । द्रोण ब्राह्मणले उक्त पद-चिन्ह हेर्दै जाँदा, उनले एक रूखमुनि

प्रसन्न तथा सुन्दर मुद्रामा, दर्शनीय लीलामा, शान्त चित्तले, उत्तम-दमथ-समथ-अनुप्राप्त गरी अर्थात् दान्तेन्द्रिय, गुप्तेन्द्रिय, संयतेन्द्रिय भई महापुरूष लीलाले पलेटी मारी बसिरहेका भगवान्लाई देखे । अनि जहाँ भगवान् बसेका थिए, त्यहाँ गई भगवान्सँग निम्न कुरा सोधे–

"तपाई देवता हुनुहुन्छ कि ?"
"हे ब्राह्मण ! न म देवता हुँ ।"
"तपाई गन्धर्व हुनुहुन्छ कि ?"
"हे ब्राह्मण ! न म गन्धर्व हुँ ।"
"तपाई यक्ष हुनुहुन्छ कि ?"
"हे ब्राह्मण ! न म यक्ष नै हुँ ।"
"त्यसो भए तपाई मनुष्य हुनुहुन्छ कि ?"

"हे ब्राह्मण ! न त म मनुष्य नै हुँ ।"

द्रोण :– "देवता हो कि' भनी सोध्दा, 'देवता होइन'; 'गन्धर्व हो कि' भनी सोध्दा, 'गन्धर्व पनि हुने होइन'; 'यक्ष हो कि' भनी सोध्दा, 'यक्ष पनि होइन'; 'मनुष्य हो कि' भनी सोध्दा, 'मनुष्य पनि होइन' भनी भन्नुहुन्छ । त्यसोभए तपाई के हुनुहुन्छ त ?"

"ब्राह्मण ! जुन मेरा आस्रवहरू हुन् यदि ती अप्रहीण भएका भए देवता पनि हुने थिएँ, अब ती मेरा आस्रवहरू क्षय भैसके, तालवृक्ष छेदनभैं जरैसमेत उखेली फ्याकिदिई सकें, पुनः सम्भव तथा उत्पन्न नहुने गरिसकें । जुन मेरा आस्रवहरू छन् यदि ती अप्रहीण भएका भए गन्धर्व पनि हुने थिएँ, ...यक्षपनि हुने थिएँ, ...मनुष्य पनि हुने थिएँ । अब ती मेरा आस्रवहरू क्षय भैसके, तालवृक्ष छेदन भैं जरै समेत उखेली फ्याकिदिई सकें, पुनः सम्भव तथा उत्पन्न नहुने गरिसकें । जस्तो कि उत्पल वा पद्म वा पुण्डरिक फूल पानीमा उत्पन्न भई, पानीमै संवर्द्धन भई, पानीले छुननसक्ने गरी, पानीभन्दा माथि आई बस्दछ, त्यस्तै गरी म, यस लोकमा जन्मी, यसै लोकमा संवर्द्धन भई, यस लोकलाई जिती, लोकले छुन नसक्ने गरी बसेको छु । हे ब्राह्मण ! त्यसैले मलाई बुद्ध भनी जान ।"

यसपछि पुनः निम्न गाथा प्रकाश पारे :

१– "**येन देवूपपत्यस्स, गन्धब्बो वा विहङ्गमो ।**
यक्खत्तं येन गच्छेय्यं, मनुस्सत्तं च अब्बजे ।
ते मय्हं आसवाखीणा, विधस्ता विनली कता ॥"

२– "**पुण्डरिक यथा वग्गु, तोयेन नुपलिम्पति ।**
नुपलिम्पामि लोकेन, तस्मा बुद्धोस्मि ब्राह्मण'ति ।"

अर्थ :– १– "जुन हेतुले देवता, गन्धर्व वा विहङ्गम हुने हो अथवा जुन हेतुले यक्षत्वमा वा मनुष्यत्वमा जाने हो; ती मेरा आस्रवहरू क्षीण भईसके, विध्वशं भईसके, बन्धनबाट मुक्त भईसके ।"

२– "जस्तो पुण्डरिक-फूल पानीले छुन नसक्ने गरी पानीभन्दा माथि गएको हुन्छ, त्यस्तै मलाई लोक-धर्मले छुन सक्दैन; त्यसो हुनाले, हे ब्राह्मण ! म बुद्ध हुँ ।"

- स्रोतसन्दर्भ : आचार्य भिक्षु अमृतानन्दकृत "बुद्धकालीन ब्राह्मण भाग-१"

फूल हो जीवन

- रमना श्रेष्ठ

फूल हो जीवन
जीवन फूल हो
फूलेर झर्नु जीवनको स्वभाव
यही श्रृष्टीको अनित्य स्वभाव ... २
फूल हो जीवन .....

फुलको सौन्दर्य सौरभ सुगन्ध हो
जीवनको सौन्दर्य
सुआचरण हो
फूलको सुगन्ध हावा पुगेसम्म शीलको
सुगन्ध अनन्तसम्म
फूलझैं विनाशी जाने जीवन
शीलले सुगन्धित बनाउन ...२
फूल हो जीवन .....

मनको क्लेश र कल्मश हटाउन
शान्तिको मार्ग
अनुस्मरण गरौं
चित्तलाई शान्त र शुद्ध बनाउन
दूषित चित्तले दुष्ट बनाउँछ
शुद्ध चित्तले बुद्ध बनाउँछ ...२
फूल हो जीवन .....

एक्युप्रेशरको उद्गमस्थल नेपाल

✍ डा. भगवान दास मानन्धर, एम.डि., अकु.

एक्युप्रेशरलाई जापानीज भाषामा सिआत्सु (सि+आत्सु=अंगुली+दबाब), कोरिएन भाषामा सुजोक (सु+जोक=हात+खुट्टा) भनिन्छ । यो उपचार विधि थेरापि अन्तरगत पर्दछ । एक्युप्रेशरको शाब्दिक प्रत्यक्ष अर्थलाई ध्यानमा राख्दा सुईको दबाब भन्ने बुझिन्छ तर सुईले दबाब दिँदा छेड्छ मात्र । दबाब दिनु भनेको क्रिया (Action) हो । दबाब बुढिऔंला, हत्केला, कुहिना अथवा बाटुलो चुच्चो भएका औजारहरूद्वारा हात, खुट्टा, जीउमा दिइन्छ । थिच्नु, घोच्नु, दबाब दिनु शब्दहरू एकआपसका पर्यायवाची शब्द हुन् ।[१] दबाब प्रक्रिया (Action) का कारण स्वास्थ्य समस्यामा लाभ भई विभिन्न रोग निवारण गर्नसक्ने क्षमता यस पद्धतिमा भएकोले एक्युप्रेशरलाई "**दबाब चिकित्सा**"[२,३] भनी नेपाली भाषामा नामाकरण गर्न उपयुक्त देखिन्छ ।

चीनलाई एक्युप्रेशर र एक्युपंचरको उद्गमस्थल मानिन्छ । केही समय यता एक्युपंचर र एक्युप्रेशरको उत्पति कहाँ? कुन देशबाट भएको भन्ने बारे चर्चा परिचर्चा हुने गरेको पाईन्छ । सन् १९८२ मा भू.पू.एम.पी. आशिमा चैटर्जीले पहिलो पटक भारतको राज्य सभामा र सन् १९८४ मा एक्युपंचरसम्बन्धी चीनमा भएको एक राष्ट्रिय गोष्ठीमा भारतीय एक्युपंचर संस्थाका संचालक डा. पी.के सिंहले एक्युपंचरको आविष्कार चीन नभई भारतवर्ष हो भनी मत पेश गरेका थिए ।[४]

यस पद्धतिको प्रयोग विभिन्न देशका आदिबासीहरूले प्रचलनमा ल्याएको देखिन्छ । जस्तै दक्षिण अमेरीकाका रेड ईन्डीयन, अफ्रिकाका नेगरहरूले कान, औंठ छेड्ने, चुरा, पाउजु लाउने आदि । एक्यु (प्रेशर,पंचर)-विज्ञहरूले यसको उद्गमस्थल बारे खोजीनीति भएको अवस्थामा नेपाल पनि यसको उद्गमस्थल हुनसक्छ की भन्ने कुरा परम्परा, संस्कारमा अकुप्रेशरको उपयोग तथा समसामायिक ऐतिहासिक घटनाहरूले सम्भावित खोज गर्न आधार बटुल्न सकिन्छ । अध्ययन अनुसन्धान गरी प्रमाण जुटाउन प्रयासरत हुनुपर्ने देखिन्छ । केही निम्न बुँदागत प्रसंगसहित घटना तथा उदाहरण प्रस्तुत गर्न सकिन्छ-

१) **बुद्ध नेपालमा जन्मेका हुन्** : एक्युप्रेशर र एक्युपंचरको इतिहास अनुसार बौद्ध भिक्षुहरूले श्रीलंका पुऱ्याए । त्यहाँबाट भिक्षुहरूले (मौर्यकाल[५]) चीन र जापान पुगेको देवेन्द्र वोरा बताउँछन् ।[६] बौद्ध भिक्षुहरू यस विधिसम्बन्धी राम्ररी परिचित थिए भन्ने बुझिन्छ । भिक्षुहरू पनि सो बेलाको उपचार विधिहरू एक्यु (प्रेशर, पंचर) प्रयोग गर्दथे भन्ने कुरा स्पष्ट हुन आउँछ । राजकुमार सिद्धार्थ गौतम जन्मेको ठाउँको जीवन जिउने शैली जस्तै खानपान, उपचार सेवा स्वयम सिद्धार्थ गौतम तथा उनका शिष्य भिक्षुहरूले अपनाउनु स्वाभाविक नै हुन् । जस्तो कोही भिक्षु विरामी भएमा हालका आधुनिक सुविधा सम्पन्न अस्पतालमा उपचार गर्न जानु सामान्य र स्वाभाविक हो ।

२) **अरनिको चीनमा जाँदाको घटना** : "सन् १२६५ मा चीनका सम्राट् कुबलाइ खाँले आफ्नो दरबारमा पाईला टेकेका अरनिकोलाई अग्नि परीक्षाको रूपमा एउटा भाँचिएको मूर्तिलाई मर्मत गरेर ल्याउन हुकुम हुन्छ । जुन मूर्ति चीनका महसुर मूर्तिकारहरूले पनि मर्मत गर्न नसकिने भनेकाले त्यसलाई एउटा कुनामा थन्क्याइएको थियो । बन्दै नबन्ने भनेको मूर्तिमा शरीरका अङ्ग, जोर्नी र ससाना नसाहरू समेत स्पष्ट देखिनेगरी मर्मत गरी ल्याएको देखेर सम्राट कुबलाइ खाँको मुखबाट अचानक "त्यो ईश्वरको वरदान पाएको हातबाट मात्र सम्भव भएको हो । नत्र कसरी बन्थ्यो र ?" भनी वाक्य फुटेको थियो । जबकी अरनिकोले चित्रकला, ढलाई र केही कुँदाईको काम जानेको तर यस्तो मर्मतको काम यस अघि नगरेको बताएका थिए ।[७] मानव शरीरका नशासम्म देखिने त्यो मूर्ति ज्यादै महत्त्वपूर्ण थियो र एक्युपञ्चरको उपचार गर्दा उपयोग गरिन्थो । अरनिको हुर्केको तत्कालीन नेपालमण्डल समाजमा ब्याप्त विविध रोग उपचार (खोप्ने, थिच्ने, मसाज गर्नेआदि) विधि प्रचलनमा भएको कारण उनलाई मूर्ति मर्मत गर्न मद्दत भएको हुनु पर्दछ ।

३) **हरिततारा भृकुटी** : लिच्छविकालीन राजा अंशुबर्माले छोरी भृकुटीलाई तिब्बतका बादशाह स्रंगचगंगम्पोसित विवाह गराई सम्बन्ध जोडेका थिए । भृकुटीले तिब्बतमा आफूसँगै तत्कालीन नेपाल (मण्डल) को सभ्यता समेत भित्र्याएकी थिइन् । उनले बौद्ध परम्परा, संस्कार आदिका लवाईखवाई, रीतिरिवाज तिब्बत पुऱ्याएकी थिइन् । हालसम्म पनि तिब्बत दरवारमा भृकुटीद्वारा प्रतिस्थापित बुद्धको प्रतिमा छँदैछ । विभिन्न संस्कार, सँस्कृतिसहित उनले त्यतिबेला नेपालमा प्रचलित उपचार विधिहरू पनि त्यहाँ अवश्य पनि आफ्नो साथमा लगिएका बैद्यमार्फत् प्रचारप्रसार गरेकी हुनु स्वाभाविक देखिन्छ । भृकुटीको यस्तो उदार योगदानका कारण उनी हरिततारा‌को रूपमा पूजित भएकी हुन् ।

४) **साधुसन्त बुद्धको देश** : साधुसन्तहरू जप गर्ने गर्दछन् । जप गर्दा मूख्यगरी हातका बुढी औंलाहरू निहित पिट्यूटोरी पिनियल ग्रन्थीहरू राम्रोसित सक्रिय हुन जान्छ । यसबाट सन्तहरूको तिक्ष्ण दिमाग स्मरण शक्ति कायम रहन्छ । आस्थामा केन्द्रित ब्यक्तिहरू भक्तिमा लिन भई जप गर्नु पनि अकुप्रेशर ज्ञानको सही सदुपयोग हो ।

५) **चुरा** : गृहस्थी आईमाईहरूले चुरा लगाउनु हाम्रो परम्परा हो । चुरा नाडीमा लगाउनाले प्रजनन् अङ्गलाई स्वस्थ राख्न मद्दत गर्दछ । हाम्रा पूर्वजहरूलाई अकुप्रेशरसम्बन्धी ज्ञान भएको कारण आफ्ना नारीहरूको स्वास्थ्यमा ध्यान राखी उनीहरूलाई चुरा अनिवार्य गरेको हुन सक्छ ।

६) **सुकुल** : सुकुल काठमाण्डौं उपत्यकाको नेवार समुदायको कृति हो । सुकुल परालबाट बनेको प्राकृतिक कार्पेट हो । यसको प्रयोग गर्दा स्वः अकूप्रेशर भएको हुन्छ । सुकुल ओछ्याएको कोठामा हिँड्दा खुट्टाका पैतलामा, बस्दा हिपमा, सुत्दा शरीरमा निरन्तर दबाव हुन गई स्वः अकूप्रेशर भएको हुनेछ । सुकुलका चकटी, चप्पल पनि प्रयोगमा ल्याईन्छन् ।

७) **पास्नी परम्परा** : बच्चा अवस्थामा केटाकेटी दुबैलाई कान छेड्ने र मुन्द्रि लगाई दिने चलन छ । साथै तिनका हातमा धातुका चुरा र खुट्टामा कल्ली लगाई दिने चलन हालसम्म पनि प्रचलनमा छन् । यो पनि हाम्रा पूर्वजहरूलाई एक्यु (प्रेशर, पंचर) सम्बन्धी ज्ञान भएको प्रमाण हो ।

८) **गानो मिलाउनु** : नाभी सर्नाले गानो जाने गर्दछ । आज पनि नेपालका गाउँ घरहरूमा नाईटोमाथि दियो बाली लोटा अथवा हाँडी घोप्त्याउने प्रचलन छ । यस प्रकृयामा नाईटोमाथि भ्याकुम पैदागरी नाभीलाई केन्द्रिकृत गरिन्छ । कतै पेटलाई चारैतिरबाट थिची नाईटोतर्फ दबाब दिने चलन छ । यसबाट नेपालमा नाभिचक्र बारे प्रशस्त जानकारी भएको तथ्य सावित हुन्छ ।

९) **पटुका** : प्रायः कृषकहरू, भरियाहरू गाह्रो शारीरिक श्रमपूर्ण कामहरू गर्नुपर्ने भएको कारण कमरमा कसियर पटुका बाँध्ने गर्दछन् । जसबाट वायुसर्ने, गानो जानेबाट बचाउँछ । यसकारण हाम्रा पोशाकहरूमा पटुका समेत आवश्यक पहिरनमा राखिएको छ । यो नाभि र यसको महत्त्वको जानकारी भएको उपज हो ।

एक्युप्रेशर तथा एक्युपंचरबारे नेपालमा यस्ता धेरै उपयोगी, परम्परागत प्रचलित वस्तु प्रमाणस्वरूप भेट्टाउन सकिन्छ । यस्तै अरू घटना तथा धेरै ठोस प्रमाणसहित अध्ययन अनुसन्धान जारी राखी एक्युप्रेशर तथा एक्युपंचरको उद्गमस्थल नेपाल पनि हो भनी प्रमाणित गर्न सकिन्छ । यससम्बन्धी राष्ट्रिय स्तरबाट पहल हुनु जरूरी छ ।

अनुसूची

१ नेपाली वृहत शब्दकोश, नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान, काठमाण्डौं, १ संस्करण २०४०, ३ पूनर्मुद्रण २०५५, १३५५ पृ. ।

२ डा. भगवान्दास मानन्धर, "दबाव चिकित्सा (एक्युप्रेशर)", स्वास्थ्य कोसेली, जनचिकित्सालय, न्यूयोखा टोल, काठमाण्डौं, वर्ष ३१, बैशाक १, २०६९, पृ. ४८-५० ।

३ डा. भगवान्दास मानन्धर, "दबाव चिकित्सा (एक्युप्रेशर) प्राकृतिक उपचार विधि", भिं-मनू (असल मानिस), प्रकाशक-राम कुमारी मानन्धर, काठमाण्डौं, २०६८, पृ १९५-२१० ।

४ डा. अत्तर सिंह, एक्युप्रेशर प्राकृतिक उपचार, एक्युप्रेशर हेल्थ सेन्टर, चन्दिगढ, ई.सं २०१०, पृ. १२ ।

५ महेश कुमार। एक्युप्रेशर प्राकृतिक उपचार -सभी के लिए, चौधरी ट्रेडिङ्ग कम्पनी, ई.सं.२०१०, पृ. २७ ।

६ देवेन्द्र वोरा, आपका आरोग्य आपके हाथ में, भाग १, नवनीत पब्लिकेशन्स (इण्डिया) लिमिटेड, मुम्बई, १९८२, पृ. ५१ ।

७ कृष्णप्रसाद पराजुली र चूडामणि बन्धु, अरनिको, एकता प्रकाशन, काठमाण्डौं, २०६६, पृ. १९-२० ।



भिक्षु चुन्द शास्त्री महास्थविर

✍ भिक्षु कविन्दो, बुटवल

"यो गिलानं उपट्ठाति, सो मं उपट्ठाति"

जसले रोगीको सेवा गर्दछ, उसले बुद्धलाई सेवा गरेको हुन्छ । यो अत्यन्तै प्रसिद्ध बुद्धवचन हो । नेपालको थेरवादी बौद्ध इतिहासमा यस्तो व्यक्तिको पनि उदयभयो, जसले यिनै बुद्धवचनलाई शीरोधार्य गरी कयौं मानिसहरूलाई ओखतीद्वारा रोगमुक्त गराएर नयाँ जीवन दिइजानुभयो । वहाँको नाम हो– भिक्षु चुन्द शास्त्री महास्थविर । आयुर्वेदमा शास्त्री गरिसकेपछि वहाँको नाम सँगै शास्त्री जोडिन पुग्यो ।

– संयोगवश यता तेजलक्ष्मी उपासिकाले आफ्नो छोरा अष्टलाल (कुमार भन्ते) लाई प्रज्ञानन्द भन्तेसामू दान गर्न आउनुभयो । प्रज्ञानन्द भन्तेको खुसीको सिमा रहेन । वहाँले दुई तानसेनी सुपुत्रलाई आफैले कुशीनगर लग्ने जिम्मा लिनुभयो । कुशीनगर लानुभई ऊ.चन्द्रभणी महास्थविरको उपाध्यायत्वमा वि. सं. १९९९ साल माघ १३ गतेका दिन दुबै सुपुत्रलाई प्रवजित गराउनुभयो ।

सुन्दर जिल्ला पाल्पाको ऐतिहासिक शहर तानसेनको सिल्खान टोलमा आमा गणेशकुमारी वज्राचार्य र बुबा वृजलाल वज्राचार्यको कोखमा वि. सं. १९७७ साल चैत्र कृष्ण द्वितीयाका दिन वहाँको जन्म भएको थियो । वहाँको नाम सूर्यलाल राखियो । बालक सूर्यलालको बाल्यकाल सुखद् रहेन । प्रकृतिको खेलसरि वहाँ जन्मेको केही वर्षपश्चात् ममतामयी जन्मदाता आमाको मृत्युभयो । आमाको मृत्यु भएको केही दिनमा नै बुबाको पनि निधनभयो । हृदयविदारक यो घटनाले बालक सूर्यलालमा गहिरो चोट पऱ्यो । बेसहारा भई टुहुरो जीवन बाँच्न बाध्य वहाँलाई संखमुनि, मानमुनि बाजेहरूले बुटवल ल्याए । हुर्कन लागेको कोपिलामा कुनै पनि आँच नआउने गरी बाजेहरूले नै रेखदेखको सबै जिम्मा लिनुभयो । वहाँको बज्यै गणेश कुमारी बुद्धधर्ममा अत्यन्तै आस्थावान हुनुहुन्थ्यो । विहार नभएको त्यो बेलामा पूर्वकालमा ललितपुरका सिंहवीर वज्राचार्यले निर्माण गरेर जानुभएको माटोको चैत्य सिवाय केही थिएन । तैपनि यसै चैत्यको संरक्षणको अभिभारा बज्यै गणेशकुमारी स्वयंले लिनुभएको थियो । बज्यैको आस्था श्रद्धाको प्रभाव विस्तारै सूर्यलालमा पनि पर्न थाल्यो । सूर्यलाल अलिक ठूलो भएपछि बाजेहरूले सल्लाह गरेर कामको लागि चैत्य नजिकको टहरामा काम गर्ने आशामुनिकहाँ कपडा सिउने काममा लगाइदिनुभयो । काम गर्दा टहरासँगै रहेको माटोको चैत्य वहाँको मनमा गडिएर रहन थाल्यो । चैत्यको दुर्दशाले गर्दा कहिलेकाहिँ वहाँको मन खिन्न हुन्थ्यो ।



कामकै सिलसिलमा सूर्यलाल तानसेन आवतजावत गर्नुहुन्थ्यो । कहिलेकाहिँ तानसेनमा कोही बौद्ध भिक्षुको आगमन हुँदा आफू पनि सरिक भई पञ्चशील लिने, धर्मश्रवण गर्ने आदि कार्यमा संलग्न हुनुभई धर्मप्रतिको आस्थालाई अझै प्रगाढ पार्नुभयो ।

एकदिन पूज्य अमृतानन्द भन्तेको आग्रहमा संघनायक प्रज्ञानन्द भन्ते तानसेन पुग्नुभयो । वहाँबाट

धर्मश्रवण गरी सूर्यलालमा गृहस्थ जीवनप्रति वैराग्य जाग्यो । यो कुरा गणेशकुमारी बज्यैले चाल पाउनुभयो । र वहाँले नै सूर्यललाई त्यागी हुन प्रेरित गर्नुभयो । बज्यैको प्रेरणामा अमृत देखेको सूर्यलालले कुनै कसर रहन नदिई प्रज्ञानन्द भन्तेसामू प्रव्रजित हुने इच्छा व्यक्त गर्नुभयो । संयोगवश यता तेजलक्ष्मी उपासिकाले आफ्नो छोरा अष्टलाल (कुमार भन्ते) लाई प्रज्ञानन्द भन्तेसामू दान गर्न आउनुभयो । प्रज्ञानन्द भन्तेको खुसीको सिमा रहेन । वहाँले दुई तानसेनी सुपुत्रलाई आफैले कुशीनगर लग्ने जिम्मा लिनुभयो । कुशीनगर लानुभई ऊ.चन्द्रभणी महास्थविरको उपाध्यायत्वमा वि. सं. १९९९ साल माघ १३ गतेका दिन दुबै सुपुत्रलाई प्रवजित गराउनुभयो । प्रव्रज्या ग्रहणपछि अष्टलाल श्रामणेर कुमार र सूर्यलाल श्रामणेर चुन्दको नामबाट दुई हिरा बुद्धशासनमा प्रव्रजित भए भन्ने कुरा धर्मदूत वर्ष ७ अंक ११ वि. सं. १९९९ सालमा प्रकाशित समाचारले स्पष्ट पार्दछ ।

प्रव्रज्या ग्रहणपछि वहाँहरू कुशीनगरबाट काठमाडौ आउनुभई किण्डोल विहारमा बस्नुभयो । भिक्षु अमृतानन्द वि. सं. २००० सालमा भारत जानुभएको थियो । वहाँको उद्देश्य ऊ. चन्द्रमणि महास्थविरलाई नेपाल ल्याउनु थियो । तर राणा शासनको प्रभुत्वले धर्मप्रचारको काम लुकिछिपि गर्नुपर्थ्यो । यो कुरा बुझेको भिक्षु अमृतानन्दले वि. सं २००० सालको शिवरात्रीका दिन चन्द्रमणि गुरूलाई छोड्न कुशीनगरसम्म जानुभयो । अनि पालि साहित्य अध्ययनार्थ कुशीनगरमा नै बस्नुभयो ।

नेपाली थेरवादी भिक्षु अभिवृद्धि गर्न सहयोग गर्नुभएका चन्द्रमणि गुरूले बुद्धशासनमा टेवा पुऱ्याउन र भविष्यमा बुद्धशासन चिरस्थायी गर्न बुद्धधर्म अध्ययनार्थ श्रामणेर चुन्दलाई श्रीलंका पठाउनुभयो । वहाँ बौद्ध राष्ट्र श्रीलंकामा विजयानन्द विद्यालयमा विनय तथा बुद्धधर्मसम्बन्धी अध्ययनमा लाग्नुभयो । वि.सं. २००३ सालमा गाल्ल उदक सीमामा भिक्षु विमलसार महास्थविरको उपाध्यायत्वमा उपसम्पन्न हुनुभई वहाँ भिक्षु चुन्द हुनुभयो । केही वर्षको अध्ययनपछि वहाँ वि.सं २००६ सालमा नेपाल फर्कनुभई आफू हुर्केको ठाउँ बुटवलको सानो चैत्य **"पद्म (गर्भ) चैत्य"** मा बस्न थाल्नुभयो ।

त्यो समय उच्च अध्ययन गर्न भारत जानुपर्ने अवस्था थियो । वहाँ समय समयमा भारत जानुहुन्थ्यो । वि. सं. २००७ सालमा पटनाको "द भारतीय आयुर्वेद इन्स्टिच्यूट"बाट आयुर्वेदमा शास्त्री उत्तीर्ण गर्नुभयो । त्यस समय लुम्बिनीमा क्षयरोगको महामारी फैलिरहेको थियो । यो समाचार सुनेर वहाँ लुम्बिनीमा बस्न जानुभई कयौं रोगीहरूलाई आयुर्वेद उपचार गर्नुभयो । निःशुल्क सेवा गरी वहाँले धेरै मानिसको सेवा गर्नुभयो । लुम्बिनी बसाईमा वहाँले बुद्धधर्म प्रचारप्रसारमा पनि जोड दिनुभयो । वि. सं. २००९ सालमा बैशाखपूर्णिमाको दिन **"बुद्ध-रथ यात्रा"** को शुभारम्भकर्ता वहाँ नै हुनुहुन्छ ।

वहाँ पुनः एकचोटि चिकित्सा शास्त्र अध्ययन गर्न "द होमियोपेथी मेडिकल कलेज" जुन विहार राज्यमा थियो त्यहाँ जानुभयो । वि. सं. २०१५ सालमा वहाँले यही कलेजबाट चिकित्सा शास्त्रबाट डिप्लोमा परीक्षामा राम्रो अंक ल्याई विशिष्ट श्रेणीमा उत्तीर्ण हुनुभयो ।

अध्ययनपछि वहाँ पुनः बुटवल फर्केर पद्मचैत्य विहारमा बस्नुभयो । पद्मचैत्य विहारको जीर्णोद्धार कार्यमा वहाँ अग्रसर हुनुभयो । वहाँ कै अग्रसरतामा पद्मचैत्य विहारको भवन थपिँदै गए । ठाउँ ठाउँबाट चन्दाको आह्वान गरी वहाँ नै अग्रसर हुनुभई उठाउनुभयो । वहाँ आफ्नो कोठामा बसी बसी धेरै किताबको अध्ययन गरी आफै औषधी बनाउनुहुन्थ्यो । वहाँले बुटवलका कयौं रोगीहरूको सेवा निःशुल्क गर्नुभयो । आयुर्वेद शास्त्र, फुफा गर्नेमा वहाँ दक्ष हुनुहुन्थ्यो । धेरै मानिसहरू बाबा, वैद्य बा, दबाइ दिने बा, दबाई गर्ने भन्ते, भन्ते बाबा जस्ता उच्चारण शब्दबाट वहाँलाई खोज्दै पद्मचैत्य विहारमा भित्रिन थाले । वहाँको कीर्ति टाढा टाढासम्म फैलिन थाल्यो । वहाँ बच्चाहरूलाई उत्तिकै माया, स्नेह, दया गर्नुहुन्थ्यो । त्यसकारण बच्चाहरू विहारमा धर्मका कुरा सुन्न र प्रसाद लिन "भन्ते बा भन्ते बा" भन्दै ओइरिन थालेको थियो । यही प्रसंगमा दिवंगत कुमारकाश्यप भन्तेले– चुन्द भन्ते सबैको बा नै हो । मेरो पो कोही छैन त्यसैले मेरा नाम नै कुमार भनेर भन्नुभएको थियो ।

वि.सं. २०४८ सालमा वहाँले बुटवलका युवाहरूलाई एकत्रित गरेर बौद्ध युवा ज्ञानमाला संघको स्थापना गर्नुभयो । त्यस्तै विशाखा समूहको नामले परिचित महिला समूहलाई बौद्ध महिला संघको नाममा स्थापना गर्नुभयो । महिलाहरूलाई अग्रसर गराउने काम गर्नुभयो । त्यस्तै बुद्धजयन्तीको बेला रथपरिक्रमा, विभिन्न बौद्ध संस्थाको धर्मानुशासक, ज्ञानमालामा विशेष योगदान पनि दिनुभयो । वहाँले आफ्नो जन्मस्थान

तानसेनमा पनि धर्मप्रचारार्थ जानुभएको थियो । समय समयमा धर्मदेशना गर्न जाने, भोजनमा सहभागी हुने, वर्षावास बस्न जाने, विभिन्न कार्यक्रममा उपस्थिति जनाउने, ज्ञानमालालाई उत्साह प्रेरणा दिने कार्यले गर्दा तानसेनवासीहरूको मनमा बस्न सफल हुनुभएको थियो । यही कार्यको फलस्वरूप वि.सं. २०४८ सालमा आनन्द विहारको तानसेन ज्ञानमालाको स्वर्णजयन्तीमा अरू पाल्पाली प्रसिद्ध भन्तेहरूका साथ भव्य अभिनन्दन गरिएको थियो । यस्तै वहाँले बुटवलका दर्जनौ संस्थाबाट पनि सम्मान, अभिनन्दन, प्रशंसा-पत्र प्राप्त गर्नुभएको छ ।

चुन्द शास्त्री महास्थविर आयुर्वेदमा मात्र दक्ष नभई साहित्य लेखन तथा किताब लेखनमा पनि दक्षता प्राप्त व्यक्ति हुनुहुन्थ्यो । धर्मदूत, धर्मोदयजस्ता पत्रिकामा वहाँ सधैं आफ्नो अमूल्य लेख पठाउनुहुन्थ्यो । त्यस्तै वहाँले दर्जनौं किताब पनि लेख्नुभएको छ । महास्वप्न जातक, मणिचूड जातक, बौद्ध स्तोत्र वहाँको नेपाल भाषाका अमूल्य किताब हुन् भने नेपाली भाषामा वहाँले लेख्नुभएका किताबहरू– त्रिरत्न गुण, बौद्ध पद्धति, आटानाटीय सूत्र, निर्धनता नै पापको मूल हो, गृहस्थ जीवन, पूजा–विधि, बुद्ध-वचनामृत, आर्य अष्टांगिक मार्ग, थेरवाद बुद्धपूजा–विधि, परलोकवाद खण्डन–मण्डन (पायासी राजाको कथा) पूजाविधि तथा भावना एक परिचय आदि हुन् ।

वहाँले बुद्धधर्म उत्थानमा आफ्नो जीवन अर्पण गर्नुभई महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ । पद्मचैत्य विहारको वर्तमान रूप दिन वहाँले धेरै दुःखकष्टको सामना गर्नुपऱ्यो । त्यस्तै वहाँ लुम्बिनी तथा बुटवलमा बसी धेरै रोगीहरूको जीवनमा मलम लगाउने एक मात्र आयुर्वेदी तानसेनी भिक्षु हुनुहुन्थ्यो । निःशुल्क औषधोपचार, झारफुक गरी रोगको निवारण, दयालु, धर्मदेशनामा दक्ष, विभिन्न संघसंस्थाका सल्लाहकार, धर्मानुशासक त्यस्तै बुद्ध-रथ प्रारम्भकर्ता वहाँ सुमधुर स्वरका धनी पिन हुनुहुन्थ्यो ।

वहाँ बुटवलमा बस्नुहुँदा कहिलेकाहिँ अस्वस्थ पनि हुनुभयो । त्यसको बावजूद पनि वहाँले आफ्नो कामलाई रोक्नु भएन सबैलाई भेला गरेर बुद्धधर्मका उपदेश दिने-दिन लगाउने, ज्ञानमाला सिकाउने, आफै अग्रसर भएर काम गराउने, बच्चाहरूलाई परियत्तिको ज्ञान दिने, ठाउँ ठाउँमा गएर जनचेतना प्रवाह गर्ने वहाँले पद्मचैत्य विहारलाई धेरै नै योगदान दिएर जानुभएको छ । पछि वहाँको बहिनी देवकुमारीलाई देवाचारी गुरूमाँ बनाउन पनि वहाँकै प्रेरणा रह्यो ।

बलिरहेको बत्तीको स्वभाव निभ्नु हो । तैपनि बत्तीले चारैतिर अन्धकारलाई प्रकाशमय तुल्याएको हुन्छ । भिक्षु चुन्द शास्त्री महास्थविर पनि रूपन्देही तथा पाल्पाको लागि बलिरहेको दियो समान हो, जसले आफ्नो जीवनकालमा धेरैलाई प्रकाशमान उजिल्याई जानुभयो । एक दिन संघदान गर्न आफै सरिक भएर संघदानको निम्ति सामान मिलाउनुभएको थियो, तर अभाग्यवश त्यसको केही दिनमा नै दान दिन नपाउँदै वहाँ वि. सं. २०५६ साल फाल्गुन कृष्णनवमी १६ गतेका दिन हृदयाघातले आफ्नो देहलाई सधैंको लागि अन्त्य गरेर जानुभयो । वहाँको देहावसानमा भिक्षु महासंघलाई निमन्त्रणा गरी ती दानदातव्य वस्तु दान गरी दिवंगत भिक्षु चुन्द शास्त्री महास्थविर भन्तेको गुणानुस्मरण गरियो ।

मनू

नेपालभाषा

- अनागारिका माधवी, पाटन

हे मन छ चक्र चाःहिलीम्ह ।
ल्हाःतुति म्वाय्क चाःहिलीम्ह ।।

गबलें पापय् गबलें धर्मय् ।
चाःहिला ज्वीम्ह छ हे खः ।।

छब्व धर्मय् मन लाःसा ।
आपाः पापय् मन वनीम्ह ।।

शरीरया ड्राइवर खः वीरम्ह ।
धाः धाः थाय् थ्यंका बिइफुम्ह ।।

पासा म्वाय्क याकःचा उखें थुखें ।
चाः चाः हिलीम्ह खः स्वतन्त्र नं ।।

पलख पलखं पंखा थें ।
चाः चाः हिलीम्ह छहे खः ।।

स्वर्ग व नर्कय् छ्वे फूम्ह ।
वीरवानम्ह छ हे खः ।।



आशक्ति निवारण गर्न शून्यता ज्ञान

✍ लोकबहादुर शाक्य

- कल्पित, परतन्त्र तथा परिनिष्पन्न सवभाव, यी तीन स्वभावलाई लिएर प्रज्ञापारमिताको देशना भएको बुझिन्छ । यसलाई शून्यता दर्शन भनिएको हो । कल्पित बस्तुलाई नास्ति आदि शब्दले निषेध गरिएको छ, परतन्त्र बस्तुलाई मायोपम आदि दृष्टान्तले देशना गरिएको पाइन्छ । दुई ग्राह्यविकल्प र दुई ग्राहक विकल्परहित हुँदा शुद्ध भएको परतन्त्र स्वभावलाई परिनिष्पन्न भनिएको छ । विश्वमा देखापरेको सबै जीवपदार्थहरू न्यवहार चलाउनका लागि मात्र देखापरेको वास्तवमा नभएकोले अनित्य भनिएको हो । उपरोक्त ३ कुरालाई बुझ्न सकिएमा शून्यता ज्ञान बोध गर्न सकिन्छ र आशक्ति निवारण हुन्छ ।

सामान्य जनहरूले विभिन्न भावपदार्थ (रूप आदि) लाई साँच्चिकै वास्तविक छन् भन्ने देख्दछन् र अझ ती वास्तविक नै हुन् भन्ने कल्पना समेत गर्दछन् । उनीहरूले यी सबै मायासमान (जादूगरको जादू जस्तै) का हुन् भन्ने देख्दैनन् जबकि योगीले त्यस्तो देख्छन् । त्यसैले यही नै योगी र सामान्यजन (लोक) हरूको बीचमा भेद याने विवाद हो । योगीहरूको देखाइमा यी सम्पूर्ण ज्ञेय पदार्थहरू माया (जादू) समानका हुन्छन् । यी पदार्थहरू भौतिक या मानसिक जेसुकै भए पनि विभिन्न हेतु र प्रत्ययहरूको आश्रयबाट हुन्छन् । त्यसैले यिनीहरूलाई भाव पनि भनिन्छ । (हेतु प्रत्ययं प्रतीत्य भवन्ति स्वरूपं लभन्त इति भावाः- प्रज्ञाकर मतिको पञ्जिका, बो, च) । त्यसकारण योगीहरूले देख्छन् कि यी सम्पूर्ण भावहरूको आफ्नो निजी पारमार्थिक रूप केही पनि छैन । यी सबै कुरा स्वभावहीन याने निःस्वभाव छन् । भाव शब्दले यहाँ निःस्वभावतालाई जनाइएको हुन्छ, त्यही बुझिएको, त्यही देखिएको हुन्छ । जसरी एउटा जादुगरले आफ्नो माया (जादू) बाट बनाएको हात्ती आदि रूपलाई त्यो विभिन्न कारण सामग्रीहरूको माध्यमबाट देखापरेको आकृति मात्र हो र वास्तविक हात्ती त्यहाँ छैन भन्ने देखिरहेको हुन्छ, त्यसैगरी योगीले पनि यी सम्पूर्ण भावहरू ठीक त्यस्तै जादू (माया) समानका नै हुन् र तत्त्वतः यहाँ त्यस्ता भावहरू छैनन् भन्ने देखिरहेको हुन्छ ।

सामान्य जनले माया समानको देख्न सक्दैन र यी भाव पदार्थहरू त्यस्ता मायासमानका छन् भन्ने कल्पना गर्न पनि सक्दैन । सामान्यजनको त्यस्तो सांसारिक हेराइमा जहिले पनि यी भाव पदार्थहरू सत, साँच्चिकै त्यहाँ भएका, आफ्नै स्वतन्त्र भित्री सहज अस्तित्व भएका नित्य, शाश्वत र पारमार्थिक रूपमै त्यस्तै छन् भन्ने देखिएको हुन्छ । उनीहरूले यी भावहरूलाई तत्त्वः वास्तविक छन् भन्ने हिसाबले देख्छन् । त्यतिमात्र होइन यी जस्ता देखिएका छन्, त्यस्तै नै छन् भन्ने विश्वास र त्यस्तै रूपमा कल्पना समेत गर्दछन् । सामान्य लौकिक जनले मूर्तभाव पदार्थहरूलाई पनि तत्त्वतः पारमार्थिक ठान्छन् भने अबौद्ध बालजनहरूले अमूर्त भावहरूमा आफ्नो परम्परा र गहिराइअनुसार तत्त्वको अध्यवसाय (निश्चय) गर्दछन् ।

योगीहरूमा र लोकमा दृष्टिकोण तथा अनुभवमा फरक छ । यसको अभिप्राय के हुन आउँछ भने सम्पूर्ण भावहरूको दुई किसिमको स्वरूप देखिने हुन्छ । एउटा पारमार्थिक स्वरूप र अर्को लौकिक स्वरूप । जस्तै मध्यमकावतारमा भनिएको पनि छ- 'रूपद्वयं विभ्रति सर्वभावाः' । त्यसमा लोकले देखिने रूपलाई सांवृतिक या व्यावहारिक रूप भन्दछन् भने योगीहरूले देखिने रूपलाई पारमार्थिक रूप भन्दछन् । जस्तै मन्त्र, औषधि, अन्य द्रव्य, गाजल आदि विभिन्न प्रत्यय सामग्रीको कारणले आँखामा भ्रम पैदा भएपछि सामान्य जनले हात्ती, नोट, पानी जस्ता विभिन्न रूप देख्छ भने ती सिर्जना गर्ने जादूगरले तिनीहरूको वास्तविक यथार्थतालाई (साँच्चिकै हात्ती आदि त्यहाँ नभएको) देखेको हुन्छ । योगी र लोकको पनि ठीक त्यस्तै किसिमको दृष्टिभेद छ भन्ने बुझ्नुपर्छ ।

जुन रूप आदि भावहरूलाई प्रत्यक्ष मानिन्छ, त्यो प्रसिद्धिले गर्दा मानिएको हो । त्यो त लोकको रूढिवादले गर्दा भएको हो । यहाँ आदि भन्नाले शब्द, गन्ध, रस, स्पष्टव्य आदि अठार धातुहरू या वेदना, संज्ञा आदि पञ्चस्कन्धहरू सबैलाई बुझ्नुपर्छ । यी सबै कुरा साँच्चिकै त्यस्ता सत् छन् भन्ने कुरा प्रमाणबाट त सिद्ध हुन्दैन । बरू व्यवहारमा यिनीहरूलाई प्रमाण मानिने भएकोले यिनीहरूको स्वरूप पनि व्यावहारिक नै हुन्छ । अतः यिनीहरू व्यवहारमा प्रत्यक्ष हुनुले व्यवहारमा प्रमाण दिन्छ । त्यसबाट परमार्थमा कुनै पनि प्रमाण हुँदैन र परमार्थ स्वरूपलाई त्यो प्रत्यक्षले सिद्ध गर्न सक्दैन । यदि व्यवहारमा ती जस्तो रूपमा प्रत्यक्ष भएका छन्, परमार्थमा पनि त्यस्तै हुन् भन्ने प्रमाणित हुने भए त सबै तत्त्वज्ञानी भैहाल्थे । किन यी सारा तत्त्वज्ञानका फजूल कुरा चाहिन्थ्यो ? त्यही भएर आर्य नागार्जु भन्नुहुन्छः-

इन्द्रियैरूपलब्धं यततत्तत्वेन भवेद यदि
जातास्तत्वविदो वाल्यस्तत्वज्ञानेन किं तदा ॥
(अचिन्त्यस्वः)

अर्थात "यदि इन्द्रियद्वारा जे उपलब्ध हुन्छ त्यो नै तत्त्वतः साँचो हुने भए त बालकहरू पनि (अज्ञानीहरू पनि) तत्त्ववित् भैहाल्थे अनि फेरि यो तत्त्वज्ञान भन्ने कुरा कसलाई र किन चाहिन्थ्यो ?"

बस्तुको तात्त्विक स्वरूपको ज्ञान त परमार्थगवेषक युक्ति र योगिप्रत्यक्षबाट मात्र हुनसक्छ । पुनः यस्तो प्रश्न उठ्न सक्छकि प्रत्यक्ष भएर पनि यी रूप आदि कुराहरू प्रमाणबाट उपलब्ध छैनन् भन्ने हो भने कसरी त्यसको प्रसिद्धि हुन्छ त? यदि प्रसिद्धि भइरहेको छ भने त्यो कसरी गलत या झुटो हुन सक्छ? यसको उत्तरमा आचार्य भन्नुहुन्छ कि लोकमा स्त्री, पुरूष आदिको शरीर वास्तवमा मल, मूत्र, कफ, पित्त, रगत, थूक, सिंगान, पिप, ऱ्याल आदिले भरिएको अशुचि नै छ तापनि यसलाई सबै कामासक्त व्यक्तिहरूले राम्रो, सुन्दर र शुद्ध जस्तो ठान्छन् । प्रसिद्धि भएको र वास्तविकतामा अन्तर देखिन्छ । त्यस्तै साधारण लौकिक मानिसहरूले पनि अनित्य दुःख, अनात्मा, शून्यता आदिलाई नित्य, सुख, आत्मा आदिरूपमा उल्टो किसिमले देख्छन् । त्यसरी प्रत्यक्ष भएको ज्ञान विपरीतज्ञान हो । त्यो ज्ञान मिथ्या ज्ञान नै हुन्छ ।

नाथले भावहरूको देशना गरेको त सत्त्वहरूलाई मार्गमा प्रवेश गराउनको लागि हो । किनकि लौकिक मानिसहरूले वस्तुहरूको सत्ता याने स्वतन्त्र अस्तित्वप्रति ग्राह गरेका हुन्छन् । जसले तिनीहरूको निस्वभावता अर्थात् शून्यतालाई बुझ्न सक्दैनन् उनीहरू त्यसका निमित्त योग्य पात्र नै हुँदैनन् । त्यसकारण उनीहरूलाई त उनीहरूले बुझ्नसक्ने तहको शिक्षा मात्र काम लाग्ने भएको हुनाले स्कन्ध, धातु, आयतन, क्षणिकता जस्ता कुराको देशना मात्र उपयुक्त हुन्छ । त्यसैले क्रमशः शून्यता देशना गर्न योग्य बनाउनको लागि उपायकौशल्य प्रयोग गर्नुभएको हो । त्यो देशनाबाट उनीहरू लाभान्वित भएर नरक आदि दुर्गति भोग्ने कुराबाट रक्षा हुन्छ भनेर लौकिक सुखको पनि बाटो देखाउनुभएको हो । परमार्थतः यी सबै निःस्वभाव छन् तापनि बुझ्न नसक्नेलाई देशना गर्ने हो भने तिनीहरूले उच्छेदलाई पकडेर पापपुण्य, स्वर्गनरक, पुनर्जन्म, कर्मफल इत्यादि कुरालाई नै नमान्ने सम्भावना हुन्छ । त्यो मिथ्यादृष्टिले झन् उनीहरूको ठूलो हानि हुने भएकोले एकै पटक शुरूमै शून्यताको देशना नगरेर क्षणिक, आदि स्वभावको देशना गर्नुभएको हो । उहाँ उपाय कुशल हुनुहुन्थ्यो । त्यसैले व्यक्तिको रूचि, क्षमता, विश्वास आदि कुरालाई विचार गरेर मात्र त्यस अनुसारको उपदेश दिनुहुन्थ्यो । सबै कुरा परमार्थतः सत्य हो भनेर बताउनुभएको छैन ।

लोकजनहरूले विभिन्न भाव पदार्थलाई वास्तविक भनेर बोध गर्दछन् भने योगीहरूले सम्पूर्ण ज्ञेय पदार्थहरू मायाजादू समान भनेर बोध गर्दछन् । जेसुकै पदार्थ भएपनि हेतुप्रत्ययद्वारा उत्पन्न हुन्छन् र ती सबै निःस्वभावका छन् । योगी र लोक (सामान्य जन) को दृष्टिकोण फरक हुन्छ । लोकजनलाई भ्रममा पारेको हुन्छ भने योगीहरूले परमार्थ दृष्टिकोणबाट यथार्थ ज्ञान प्राप्त गरेको हुन्छ । माथि उल्लेख भएका शून्यता ज्ञान बुद्धधर्ममा निकै गम्भीर मानिन्छ । साधारण रूपले मात्र विचार गर्दा शून्यता शब्दको अर्थ केवल रिक्तता केही नभएको भन्ने मात्र बोध हुन्छ । तर त्यसो नभई यसमा उच्चकोटीको दर्शन समावेश भएको पाइन्छ । कल्पित, परतन्त्र तथा परिनिष्पन्न सवभाव, यी तीन स्वभावलाई लिएर प्रज्ञापारमिताको देशना भएको बुझिन्छ । यसलाई शून्यता दर्शन भनिएको हो । कल्पित बस्तुलाई नास्ति आदि शब्दले निषेध गरिएको छ, परतन्त्र बस्तुलाई मायोपम आदि दृष्टान्तले देशना गरिएको पाइन्छ । दुई ग्राह्यविकल्प र दुई ग्राहक विकल्परहित हुँदा शुद्ध भएको परतन्त्र स्वभावलाई परिनिष्पन्न भनिएको छ । विश्वमा देखापरेको सबै जीवपदार्थहरू व्यवहार चलाउनका लागि मात्र देखापरेको वास्तवमा नभएकोले अनित्य भनिएको हो । उपरोक्त ३ कुरालाई बुझ्न सकिएमा शून्यता ज्ञान बोध गर्न सकिन्छ र आशक्ति निवारण हुन्छ ।

(सन्दर्भ श्रोतः- आर्य शान्तिदेव विरचित बोधिचर्यावतार । अनुवाद : नारायणप्रसाद रिजाल) ।

मेरो सोचमा

– राज शाक्य, ल. पु.

यदि
सुनमा सुगन्ध भएको भए
सुनको गहना लगाई
अत्तर लगाउनु
पर्दैन थियो होला र

चन्दन वृक्षमा
मगमग सुगन्धित फूल
उम्रेको भए
चन्दनको वृक्ष
ढाल्ने थिएन होला ।

कमल फूलको डण्ठलमा
काँडा भएको भए
भयत्रास पन्छाई
निर्धक्क साथ
सुरक्षित रहने थियो होला ।

मान्छेमा तृष्णा नभइदिएको भए
लोभ स्वार्थमा डुबी
ईच्छा पूर्ण गर्न
छलकपट, अत्याचार, हिंसा
गर्नुपर्ने थिएन होला ।

अनि
कंटकमय पथमा परी
दुःखको जालमा तडपी
जीवन यापन गर्नु
पर्ने थिएन होला ।

लाग्दछ सृष्टिकर्तालाई
यी कुराहरूको
ज्ञान थिएन होला
भएको भए संसारमा
दुःख हुने थिएन होला ।

फेरि, मूर्ति, नपुज्नेहरूसित
ईश्वर डराउँछ होला
र त विद्या, धन, बल
पश्चिमी अँग्रजहरूलाई
वरदान दिएको होला ।

तेत्तीस कोटी देवता मान्ने
भक्तजन हिन्दूहरूसित
ईश्वर रिसाको होला
यसैले पूर्वेलीले, पश्चिमीसित
हात थाप्नु परेको होला ।

मातृभाषा र धर्म : नङ र मासु

✍ लाभरत्न तुलाधर

परिश्रम र प्रतिफल :

बुद्धधर्मको प्रचार र प्रवर्द्धन र संरक्षणको उद्देश्यले नेपालमा अहिलेसम्म मनग्गे संख्यामा विहार-आरामको स्थापना भए अनुरूप भिक्षु र अनागारिका गुरूमांहरूको संख्या पनि २० वर्ष पहिले भन्दा ५ गुणाले वृद्धि भैसकेको देखिन्छ । त्यस्तै दुइटा मासिक पत्रिका र विभिन्न स्थानबाट बोधिपत्र र बुलेटिनहरू पनि नियमित रूपमा प्रकाशनमा आएको ४ दशक पुगिसके । केहि विहारहरूमा साप्ताहिक/मासिक रूपले ध्यान मात्र होइन प्रवचनहरू प्रवाहित भइरहेको पनि कैयौं वर्ष भए । यसबाहेक ६ दर्जन भन्दा बढी भजन खलहरूले संगीतयुक्त बौद्ध शिक्षा कैयन दशकयतादेखि निरन्तर प्रचार हुँदो छ । यो सबै मिहेनत र सेवाको सुफल के कति समाजले ग्रहण गरे वा अध्यात्म लाभ गरे भनी मूल्यांकन गर्ने बेला आएको छ ।

यो व्याधि कि समाधि :

समाज र समुदायहरूको सर्सर्ती अध्ययन गर्दा संख्यात्मक रूपले यथेष्ट वृद्धि देखिएको अनुसार हाम्रा जनता बिच गुणात्मक प्रभाव अत्यन्त न्यून र कहिं त ह्रासोन्मुख पनि भेटिन्छन् । यस्को केहि उदाहरण छन् - बैशाख पूर्णिमाको महोत्सवमा पातलिंदो जनसहभागिता, धर्मनिरपेक्ष संविधान निर्माणको निम्ति बौद्ध संघ-संस्थाहरूको उदासीन चालामाला, सुदूर ग्रामीण भेगतिरका नवनिर्मित विहारहरूमा प्रव्रजित गुरू-गुरूमांको अभाव । यस प्रकार सर्वसाधारणदेखि प्रबुद्ध वर्गसम्म यो ब्याधि व्यापक हुँदो छ । पंचायती कालमा यस प्रकारको शिथिलता अनुभव हुँदैनथे, जुन यस लोकतान्त्रिक गणतन्त्रमा हुँदैछ ।

नङ र मासु : एक अर्कोको पूरक

नेपालको सन्दर्भमा, थेरवाद बुद्धधर्मको प्रचा प्रसार सर्वप्रथम जनभाषा नेपालभाषा रहेको तथ्य बु.सं. २४६९ मा बुद्धोपासक संघबाट प्रकाशित 'बुद्धधर्म' नामक मासिक पत्रले प्रमाणित गर्छ । धर्म आदित्य धर्माचार्यद्वारा सम्पादित यस पत्रको नाम २४७० देखि नै 'बुद्धधर्म व नेपालभाषा' भनी संशोधित गरिएको थियो । भगवान् बुद्धको समयमा पनि उच्च संभ्रान्त वर्गले लेखपढ गर्ने अन्य भाषा छोडेर जनभाषालाई धर्मप्रचारको मूल माध्यम बनाउने नीति कार्यान्वयन गरेको पाइन्छ । यसको निरन्तरता दिने थुप्रै बौद्ध पत्रिकाहरूको नाम स्मरणीय छन् - धर्मोदय, न्हसला, आनन्दभूमि, धर्मकीर्ति, धर्मप्रदीप, सुगत सन्देश, ज्योति उदय र अनेक सामयिक संकलनहरू ।

विगत केही वर्षहरूदेखि हालसम्म प्रकाशित भैरहेका बौद्ध पत्रिकाहरूमा नेपालभाषाका लेख रचनाहरू अति छिटो घट्दो क्रममा भेटिन्छन् । यसको कारणहरू खोतल्ने र निराकरणको उदाय सोच्नेतिर कसैले पनि चासो दिएको जस्तो लागेन । यसबाट केही प्रश्नहरू मातृभाषाप्रेमी माझ खडा भएका छन्–

– आजका नेवाः लेखकहरू संकुचित हुन् कि व्यापक ?
– लेख्न नआएर हो कि पाठक नहोला भन्ने सोचले ?
– पर्वते खस भाषा सबै पाठकले पढ्ने भन्ठानेर कि ?
– यस प्रकारको मानसिकताले भविष्यमा के प्रभाव पार्ला ?

बौद्ध मान्यता अनुसार, पंचमहापाप मध्ये मातृहत्या पहिलोमा पर्छन् । जन्मदात्री, जन्मभूमि, जन्मभाषा (मातृभाषा) आमा समान आदर र सेवा गर्नुपर्ने मान्यता रहेको छ । मातृभाषा त्यागेर सद्धर्मको सेवा मान्नु कसरी ?

नेपालभाषा



तृष्णायात लगाम तयेनु

✍ हेरारत्न शाक्य, युवक बौद्ध मण्डल

- मिजंतय्त मिसा, मिसापिन्त मिजं ति यःगु सालेफुगु तृष्णा मेगु मदु धकाः नं धयाबिज्याः । गुलिखे मिसात साधुपिनिगु रूप, वचन खनाः मोहित जुया न्हिं न्हिं ख्वाः स्वये दइ धकाः भिक्षुणी जूवःपिं दुगु खँ त्रिपिटकय् दु । बाँलापिं भिक्षुणीतय्त भिक्षाटन याः वंसा हायेका हइगु, साधुनी जुइ मत्यनी धकाः धाः वइगु । ल्यूल्यू वयाच्वनिगु थाय् सिइका सुला सतित्व हे लाकाकाःगु घटना दु ।

महिला हिंसा यक्व जुल धकाः थौं कन्हय् मिसा संगठनतय्सं तसकं लाय्लाय् बुबुं हालाच्वंगु दु । ख नं खः मिसातय्त मिजं तय्सं मानसिक व शारीरिक कसाः ब्यूगू खनेदु । मिस्तय्त हिंसा मेपिंसं जक मखु, थः हे प्रेमि, भाःत, दाजु, अभ्क अबु, थःथितिपिसं विश्वासय् लाकाः मिंयंकीगु खनाच्वना । ख्यानाः बलात्कार याइगु बुखँ ब्वने दयाच्वन । अपराध प्रवृत्ति दुपिं मनूतय्सं मिसा तय्गुपाखें लागुपदार्थ व लुँ, डलर निषेधित वस्तु वारपार याकेत छ्यलाच्वन । श्रृष्टिकालं निसें हे मिस्त बाँला, हिसि दु क्यातुसे, नाइसे, कोमिलु जुइ । उकिं मिसापिं मिजंतय्त जक मखु मिस्तय्त हे यः । मिसा तय्के सह यायेगु शक्ति दु, आज्ञाकारी जू । सत्यधर्मय् नं यक्व निष्ठा दु । इमिके दुगु गुणपाखें नं मनूतय्सं शोषण यायेगु याः । रूप यौवनप्रति ल्वःवनाः पिपासुतय्सं आपाः एकान्तय् इज्जत कया पोलय् याई धकाः ज्यान कायेगु जघन्य अपराध नं जू । मिजंतय्गु अदपय् मच्वनकि, धैगु ज्या मयातकि, धैथें मच्वनकि, थःगु इच्छा पूमवनीथें च्वनकि, मिसां थःगु बेइज्जत याना बिइथें च्वनेवं वयागु इज्जत हे लाका कायेगु, हत्या थेंजाःगु क्यहय्यंगु ज्या अशिक्षितपिसं जक मखु शिक्षितपिसं याःगु खनाच्वना । मिजंत स्वाभाविकरूपं मिस्तपाखें सेवा, सुख काये मास्ति वःपिं खः । अथेला मिसातय्सं नं मिजंतपाखें सुखया इच्छा आशा सीदयेक सीमदयेक यानाच्वनी । थ्व संसारय् मिसामिजं बाहेक अपवादय् नपुंसक त नं छुं भति दु । अय्नं वयस्क मिसा वा मिजंतय् छम्ह नं छम्ह मिजं वा मिसालिसे जीवन हनाच्वनी । अथे मच्वंसे साधु साधुनी जीवन हनीपिं तसकं म्हो जक हे खनेदु ।

बुद्धं धयाबिज्याः मिसातय्गु रूप कामाङ्ग चुम्बकथें जुयाच्वने यः । बुद्धं वैशालीया सुन्दरी आम्रपाली गणिकायाथाय् भोजन बिज्याःबले वने न्हयः भिक्षुपिन्त न्वानाबिज्यात- मिसापिन्त मस्वयेगु, खंसां खँ मल्हायेगु, खँ ल्हायेमाःसां थःत थःम्हं मन चिना कोछुना माक्वजक खँ ल्हायेगु उजं बियाबिज्यात । बुद्धं भिक्षु-भिक्षुणीपिन्त नं लिक च्वनेगु, नापं च्वनेगु आज्ञा बियाबिमज्याः । मिजंतय्त मिसा, मिसापिन्त मिजं ति यःगु सालेफुगु तृष्णा मेगु मदु धकाः नं धयाबिज्याः । गुलिखे मिसात साधुपिनिगु रूप, वचन खनाः मोहित जुया न्हिं न्हिं ख्वाः स्वये दइ धकाः भिक्षुणी जूवःपिं दुगु खँ त्रिपिटकय् दु । बाँलापिं भिक्षुणीतय्त भिक्षाटन याः वंसा हायेका हइगु, साधुनी जुइ मत्यनी धकाः धाः वइगु । ल्यूल्यू वयाच्वनिगु थाय् सिइका सुला सतित्व हे लाकाकाःगु घटना दु । क्लेशयुक्त गृहस्थ जीवनसिकं साधु जीवन उत्तम खः धकाः प्रव्रजित जूवपिं साधुतनं चित्त चिइ मफया तृष्णां लीका च्वंपिं नं दु । धार्मिक ख्यलय् विहारे वइपिं बाँ बाँलापिं उपासिकापिं, भिक्षुणीपिं खना मन चिइ मफु, ल्हा ज्वंवंगु, एकान्तय् नाप लायेगु व यौनजन्य कृयाकलाप घटना जूगु नं धार्मिक साहित्यय् ब्वने दु । उकिं तृष्णां भीगु मनयात लगाम तः वइगु चायेका वइगु लगाम मतयकेत स्वयेमाः । तृष्णायात ला भीसं लगाम तये फय्के माः । थ्व गुलि नं समाज उपद्रव, अपराध, उछृङ्खल जूगु दु व फुक्क तृष्णायायात नियन्त्रण याये मफया हे खः । उकिं तृष्णायात हे लगाम तयेनु ।

बौद्ध गतिविधि

सानुभाइलाई सम्झिंयो

२४ पुष, काठमाडौं । नेपालको बुद्धधर्म सम्बद्ध, लेखक एवं प्राज्ञिक क्षेत्रमा परिचित लेखक डा. सानुभाई डंगोलको पुण्यस्मृतिमा थेरवाद केन्द्रीय दायक परिषद्ले अनित्यस्मरण-सभाको रूपमा परिषद्का अध्यक्ष बखतबहादुर चित्रकारको सभापतित्वमा श्रद्धांजली सभाको आयोजना गरियो । प्रमुख अतिथि अखिल नेपाल भिक्षु महासंघका महासचिव भिक्षु कोण्डन्य, डा. लक्ष्मण शाक्य, मदन चित्रकार, विष्णुरत्न शाक्य, संघरत्न शाक्य, कृष्णकुमार प्रजापति, आशाभाई तण्डुकार, बालकृष्ण श्रेष्ठ 'निभा' लगायतले दिवंगत डा. सानुभाई डंगोलको बहुआयामिक व्यक्तित्व एवं कृतित्वका बारे चर्चा गरेका थिए । धर्मचक्र आश्रममा संचालित सोही कार्यक्रममा दिवंगत उपासकलाई सुगतिसहित निर्वाण कामना गरी सभा विसर्जन गरियो ।



भक्तपुरमा सम्यक् दान

१ माघ, भक्तपुर । भक्तपुरको थथुवहीमा ने.सं. ७८७ सालदेखि माघ सक्रान्तिका दिन संचालन हुँदैआएको ऐतिहासिक सम्यक् दान पर्व सम्पन्न भएको छ । भक्तपुरमा प्रत्येक वर्ष माघ सक्रान्तिका सम्यक् भोजन दान गरिने स्थल नःपुखु

(गुह्य पोखरी)को पश्चिम थथुबहिको परिसरमा क्वाठण्डौ प्रशन्नशील महाविहारको दीपंकर, साकोथा चतुर्ब्रह्म महाविहारको दीपंकर, गोल्मधि मङ्गल धर्मदीप विहारको दीपंकर, इटाछें जयकीर्ति महाविहार (थथुबहि) र भार्वाचो बौद्ध समकृत विहारको दीपंकर गरी पाँच दीपंकर बुद्धहरू र प्रशन्नशील महाविहारका क्वाचपालदेवता, सम्यक् दान दाताको कूलदेवता, थासंद्यो (सूवर्ण चैत्य), चार लुँद्यो (सूवर्ण दीपंकरहरू) तथा प्रशन्नशील महाविहारका स्थविर आजु, गुणकिर्ति महाविहार (थिमि) का उपाध्यायगुरूजु एवं मूल पूरोहित गुरूजुहरूलाई हाम्वजा (तील भोजन), भूमिमा उब्जाउ हुने सबै प्रकारका अन्न, गेडागुडीहरू, फलफूल, मिठाईकासाथै धान, चामल, लड्डु (रोटी र सख्खर मिलाई बनाएको विशेष प्रकारको लड्डु) पुरी र दक्षिणा दानप्रदान गरियो ।

सम्यक् दानपर्व शुरू गर्न विहान जयकीर्ति महाविहारमा यज्ञसहित धार्मिक पूजा सम्पन्न गरी दीपंकर बुद्धलाई थथुबही विहारको मुलद्वारमा सम्यक् दानका दाताले स्वागत, भुइखेल क्षेत्रमा भूमि शोधन र पूजा पश्चात् सम्यक् भोजनमा सहभागि वज्राचार्य व शाक्य वर्गहरूलाई धानचामल, लड्डु, पुरी र दक्षिणा दान प्रदान गरियो ।

बौद्ध महिलाको साधारण सभा

१० माघ, काठमाडौं । बौद्ध महिला संघ, नेपालको अठारौं बार्षिक साधारण सभा खुसिबुं स्थित ज्ञानकिर्ति विहारमा परियत्ति परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञान महास्थविरको सभापतित्वमा सम्पन्न भएको थियो ।

बोधिज्ञान भन्तेबाट पंचशील प्रदानबाट आरंम्भ भएको सो सभामा संघका अध्यक्ष डा. श्री केशरीलक्ष्मी मानन्धरज्यूको स्वागत भाषण पश्चात सचिव चन्द्रदेवी शाक्यज्यूले संघको बार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । आफ्नो प्रतिवेदनका क्रममा वहाघ्ले संघले संचालन गर्दै आएका अनेकौ कार्यहरु मध्ये परियत्ति शिक्षाका कक्षाहरु, एक दिवशीय विपस्यना ध्यान शिविर, वि.सं. २०७० चैत्र १५/१६ का दिन डि.ए.भी. स्कूलमा दुई दिवशीय "परियत्ति संरक्षण सम्बर्द्धन" विषयक कार्यशाला गोष्ठी, आधारभूत बुद्ध शिक्षा प्रदान गर्ने कक्षाहरुको विशेष उल्लेख गर्नु भयो ।

अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष एवं संघका धम्मानुशासक श्रद्धेय भिक्षु धम्ममूर्ति महास्थविरबाट अमुख्य सुझाव सहितको धर्मदेशना पछि सल्लाहकार श्री लक्ष्मीदास मानन्धरज्यूले मन्तव्य प्रदान गर्नु भएको थियो । मन्तव्यको क्रममा वहाघ्ले २०४७ सालमा देशमा धर्मनिरपेक्षताको घोषणा भई सकेता पनि अहिले फेरि धर्म सापेक्षता कुरा उठेकोमा हामी सबै यस प्रति

सजग हुनु पर्ने कुरा औल्याउनु भयो । सभाको क्रममा कोषाध्यक्ष श्री कमला शाक्यज्यूको आर्थिक प्रतिवेदन पछि उपाध्यक्ष श्री सुजाता मानन्धरज्यूले धन्यवाद ज्ञापन गर्नु भएको थियो । अन्तमा सभापतिको पुण्यानुमोदन पछि सभा समाप्त भएको थियो ।

सोही सभामा कार्यकारिणी सदस्य श्री केशरी बज्राचार्यले रु.१०,०००/-(दश हजार), आजीवन सदस्य श्री रेणुका स्थापितले रु.११,१११/- (एघारहजार एकसय एघार) तथा सल्लाहकार श्री लक्ष्मीदास मानन्धरज्यूले रु.१०,०००/- (दश हजार) संघको कोषको लागि प्रदान गर्नु भयो ।

सोही दिन चुनाव आयुक्त श्री सुवर्ण शाक्यज्यूले संघका नयाघ कार्यकारिणी सदस्यहरुको चुनावको लागि गरिनु पर्ने प्रक्रियाको सम्पूर्ण नियम पुऱ्याई निर्विरोध निर्वाचन सम्पन्न गर्नु भएको थियो ।

जस अनुसार डा. श्री केशरीलक्ष्मी मानन्धरज्यूको अध्यक्षतामा नवगठित अन्य पदहरु निम्न प्रकार छन् - उपाध्यक्षहरु : श्री वीणा कंसाकार, श्री सुजाता मानन्धर, श्री शकुन्तला प्रधान, महासचिव : श्री मीरा ज्योति, सचिव : श्री चन्द्रदेवी शाक्य, सह सचिव : श्री कृष्णकली शाक्य, कोषाध्यक्ष : श्री कमला शाक्य, सहकोषाध्यक्ष : श्री गंगा श्रेष्ठ, सदस्यहरु : श्री रेणुका देवी मानन्धर, श्री शर्मिष्ठा बैद्य, श्री प्रभा स्थापित, श्री सरिता तुलाधर, श्री चन्द्रदेवी मानन्धर, डा. श्री रीना तुलाधर, श्री सरोज मानन्धर, डा. श्री रश्मि राजकर्णिकार, श्री अनिल तारा तुलाधर ।

बुद्धमूर्ति प्रदान

१५ माघ, ललितपुर । थेरवाद बुद्धधर्मका परिचित दाता एवं प्रसिद्ध समाजसेवी उपासक मोतिलाल शिल्पकारको शुभ जन्मोत्सवको उपलक्ष्यमा हात्तिवन ललितपुरस्थित नवनिर्मित रत्नकीर्ति विहारमा ३ फीटको ढलौटको बुद्धमूर्ति प्रदान गरिएको छ । सांस्कृतिक बाजागाजासहित बुद्धमूर्तिलाई विहारमा धार्मिक विधि पूर्वक प्रतिस्थापन गरी नेपाल अनागारिका संघका

अध्यक्ष अनागारिका धम्मवतीलाई सो बुद्धमूर्ति दाता मोतिलाल शिल्पकारले हस्तान्तरण गर्नुभयो । उपासिका अमिता धाख्वाद्वारा लिखित एवं पुनः प्रकाशित "बुद्धधर्मसम्बन्धी प्रारम्भिक ज्ञान" पुस्तक समेत सोही कार्यक्रममा लोकार्पण गरियो । भिक्षु पञ्ञासारबाट उपदेशपश्चात् उपस्थित सम्पूर्ण भिक्षु श्रामणेर तथा अनागारिकाहरूलाई दानप्रदान पछि सबैलाई भोजन गराइएको थियो ।

पाप कर्म (अकुशल कर्म) कहिल्यै नगर्नु
पुण्य (कुशल कर्म) गर्दै जानु ।
आफ्नो चित्तलाई (मन) शुद्ध गर्नु
यहि नै बुद्धको उपदेश हो ।

VISHWA MOTOR TRADERS
Putalisadak, Kathmandu Tel.: 4226926 / 4244173

बिश्व मोटर ट्रेडर्स

ख-२, ४०८, पुतलिसडक, काठमाडौं, नेपाल ।
फोन नं.: ४४३३४८१, ४०३००४४, ०१२२९२२३०
E-mail: vishwamotor@gmail.com

टोयोटा, मित्सुबिसि, निशान, इसुजु, सुजुकि इत्यादि
गाडिका पार्टस्हरुको लागि सम्पर्क गर्नुहोस् ।